# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बनेपा नगरपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बनेपा नगरपालिका

## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बनेपा नगरपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं. २०८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

काभ्रेपलान्चोक।

१. **कैफियत सहितको राय** – हामीले बनेपा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६ करोड २७ लाख १० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३ करोड ८६ लाख ७१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १४ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३१ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.१ लाख २२ हजार र पेश्की बाँकी रु.९९ लाख ४६ हजार समेत रु २ करोड ४७ लाख २५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.२७ करोड २३ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.२९ करोड ६९ लाख ९९ हजार रहेको छ ।बनेपा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बनेपा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बनेपा नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

बनेपा नगरपालिका,

काभ्रेपलान्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | २५१ | ६२७१० | ० | १३१ | ३८६७१ | ७६ | १२० | २४७२५ | १४६१ | १२२ | १३१९६ | ० | ० | १३३१८ | ९९४६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रे | २७२३१३ | ० | ३९ | २७२२७४ | ० | २४७२५ | २९६९९९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

<table>
<tr><th>क्र. सं</th><th>आर्थिक वर्ष</th><th>बेरुजुको दफा</th><th>छोटकरी व्यहोरा</th><th>सम्परीक्षण भएको रकम</th></tr>
<tr><td>१</td><td>२०७९।८० (चालु वर्षको)</td><td>२</td><td>निम्नानुसार पेश्की रकम फस्यौंट भई प्रमाण पेश
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारी तथा निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बिकुलाल डंगोल</td><td>५००००</td></tr>
<tr><td>२</td><td>काठमाण्डौ विश्वविधालय</td><td>४०००००</td></tr>
<tr><td>३</td><td>श्री रत्न चुण्डेश्वर माध्यामिक बिधालय , बनेपा-२</td><td>३२००००</td></tr>
<tr><td>४</td><td>सारस । एस.एन. जेभी</td><td>२४०००००</td></tr>
<tr><td>५</td><td>सारस । एस.एन. जेभी</td><td>२४०००००</td></tr>
<tr><td>६</td><td>शिर मेमोरियल मेडिकल एण्ड एजुकेशनल ट्रष्ट</td><td>१०२५५००</td></tr>
<tr><td>७</td><td>श्री शुभचामुण्डा माध्यामिक बिधालय , बनेपा-३</td><td>३३७६५८.६७</td></tr>
<tr><td>८</td><td>श्री शुभचामुण्डा माध्यामिक बिधालय , बनेपा-३</td><td>५०६४८८</td></tr>
</table></td><td>३७१४४२४०.६७</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ९ | टोडोल काफल डाँडा खाल्चोक भञ्याङ सडक उ.स. बनेपा १४ | ३२०००० | |
| | | | १० | सेती देवी काले जलेश्वर मन्दिर उ.स.बनेपा ३ | १२८००० | |
| | | | ११ | गुरूङ संग्राहलय भवन सम्पन उ.स.बनेपा ३ | ३२०००० | |
| | | | १२ | चामुण्डा धार्मिक तथा सास्कृतिक संरक्षण उपभोक्ता समिति बनेपा ३ | २५६००० | |
| | | | १३ | ठुलोचौर बिरौटा काशीभज्जयाङ जोड्ने सडक उ.स.बनेपा ३ | १६०००० | |
| | | | १४ | रामेश्वर मार्ग निर्माण उ.स.बनेपा | ११२०००० | |
| | | | १५ | नन्देढुंगा दलितवस्ती काभ्राबोट सडक उ.स. | ६४०००० | |
| | | | १६ | श्री जलेश्वर महादेव मन्दिर निर्माण तथा व्यवस्थापन समिति बनेपा ४ | ३२०००० | |
| | | | १७ | सेतीदेबी कृषि मार्ग उ.स.बनेपा | १४७२००० | |
| | | | १८ | छाङछुडे कौडोल एकिकृत खानेपानी उ.स. , बनेपा-१ | ३८४००० | |
| | | | १९ | राउट गाउँ फुलचोकी काफलडाडाँ पिपलबोट मोटर बाटो स्तरउन्नती उ.स.बनेपा | १९२००० | |
| | | | २० | काक्राबारी धारा माथिको डाडाँ कुवाडोल खानेपानी ट्याकी नि.तथा खा.इ.लिफिङ उ.स. | १९२००० | |
| | | | २१ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति बनेपा ९ | ७८८००० | |
| | | | २२ | सहायक ग्वाद्य मार्ग सडक निर्माण उ.स. , बनेपा-९ | १६०००० | |
| | | | २३ | चतुरे बस्ति जाने बाटो उपभोक्ता समिति | ३२०००० | |
| | | | २४ | चतुरे चिहान डाँडा क्रियापुत्री भवन निर्माण उ.स. | ३२०००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २५ | लामिछाने गांउ माझबस्तीको बाटो उपभोक्ता समिति | २२४००० | | |
| | | | | २६ | लामिछाने गांउ माझबस्तीको बाटो उपभोक्ता समिति | ९६००० | | |
| | | | | २७ | उप स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति | ३२०००० | | |
| | | | | २८ | सुदर्शन विहार संरक्षण उपभोक्ता समिति | ३२०००० | | |
| | | | | २९ | स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति -३ | ३२०००० | | |
| | | | | ३० | तुल्टी शान्तिनगर पुल निर्माण उपभोक्ता समिति | ६४०००० | | |
| | | | | ३१ | तुल्टी शान्तिनगर पुल निर्माण उपभोक्ता समिति | २५६००० | | |
| | | | | ३२ | सामुदायिक भवन निर्माण उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ३३ | काशिभञ्याङ भिमसेन मन्दिर निर्माण उ.स. ,बनेपा-३ | १९२००० | | |
| | | | | ३४ | हिमाल तराइ मार्ग बाटो सुधार उ.स. | ६४०००० | | |
| | | | | ३५ | दोयवास टन्चोक काशीभञ्ज्याङ सडक निर्माण उपभोक्ता समिति | ३८४००० | | |
| | | | | ३६ | उग्रतारा मार्ग उपभोक्ता समिति , बनेपा-१० | ४८०००० | | |
| | | | | ३७ | भिमसेन सहायक मार्ग उ.स.बनेपा ७ | १९२००० | | |
| | | | | ३८ | श्री आघाल गुफाडोली सडक उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ३९ | राजदास मार्ग सहायक सडक निर्माण उ.स. | १६०००० | | |
| | | | | ४० | राजदास मार्ग सहायक सडक निर्माण उ.स. | ३२०००० | | |
| | | | | ४१ | श्री लागन टोल पार्टी निर्माण उपभोक्ता समिति | २२४००० | | |
| | | | | ४२ | अरूणोदय थुमाचौर कालथुम्की सडका नि.उ.स. | २५६००० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ४३ | च्वा पुखु मार्ग उपभोक्ता समिति | १९२००० | | |
| | | | | ४४ | गौतम मार्ग टोल ढल तथा ग्राभेल उ.स. , बनेपा- ७ | २५५८५० | | |
| | | | | ४५ | स्वास्थ्य चौकी निर्माण उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ४६ | श्री महादेव खोला ब्रम्हायणी क्षेत्र उतरगया बिकास समाज | ६४०००० | | |
| | | | | ४७ | गभननी चोक सुधार उपभोक्ता समिति | १६०००० | | |
| | | | | ४८ | गभननी चोक सुधार उपभोक्ता समिति | ७९०९७ | | |
| | | | | ४९ | जनागाल बृहत खानेपानी योजना उ.स. | २२४००० | | |
| | | | | ५० | ब्याङ्ग ढुङ्गा कलमसी सडक स्तरोन्नती उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ५१ | घोकेचौर करिडोर टोल सुधार समिति | २२४००० | | |
| | | | | ५२ | कुस्लेटार शान्तिपार्क भुतेढुंगामा जाने बाटो निर्माण उ.स. | १६०००० | | |
| | | | | ५३ | कुस्लेटार शान्तिपार्क भुतेढुंगामा जाने बाटो निर्माण उ.स. | ९६०००० | | |
| | | | | ५४ | कुस्लेटार शान्तिपार्क भुतेढुंगामा जाने बाटो निर्माण उ.स. | ३२०००० | | |
| | | | | ५५ | ब्रम्हायणी एकीकृत बिकास समिति | ४४८००० | | |
| | | | | ५६ | जापाली निर्माण उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ५७ | जल्जला कोटदेवी मन्दिर संरक्षण तथा व्यवस्थापन समिति | २५४९७२ | | |
| | | | | ५८ | सल्ले बाटो मोड सुधार उपभोक्ता समिति | २२४००० | | |
| | | | | ५९ | वडा कार्यालय भवन निर्माण उ.स. | ६४०००० | | |
| | | | | ६० | दथु लाँ उपभोक्ता समिति | ३२०००० | | |
| | | | | ६१ | घट्टे खोला दोयबास सडक मर्मत उपभोक्ता समिति | २८८००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ६२ | चण्डेश्वरी खानेपानी व्यवस्थापन उपभोक्ता समिति | ३२०००० | |
| | | | | ६३ | नाला काशि भन्ज्याङ सडक अन्तर्गत वडा कार्यालय च्याने बगर खण्ड निर्माण उपभोक्ता समिति | ४८०००० | |
| | | | | ६४ | कृषि मार्ग संरक्षण उपभोक्ता समिति | ९६०००० | |
| | | | | ६५ | महत गाउँ खत्रीटोल हुदै नागी जाने बाटो उ.स. बनेपा १२ | ४३३००० | |
| | | | | ६६ | नगर स्वास्थ्य चौकी तला थप उपभोक्ता समिति | ४८०००० | |
| | | | | ६७ | सानुखोला रजमती दोभान सडक नि.उ.स.बनेपा २ | ६४०००० | |
| | | | | ६८ | नाला काशीभञ्जाङ सडक महादेव खोला शेरा खण्ड उ.स. | ३२०००० | |
| | | | | ६९ | लायकु ध्वाखा निमार्ण उपभोक्ता समिति | १६०००० | |
| | | | | ७० | लायकु ध्वाखा निमार्ण उपभोक्ता समिति | १६०००० | |
| | | | | ७१ | कोसाल गणेश मन्दिर कोस पार्टी तथा कोसाः दाफा भजन खलको सम्पर्क कार्यालय निर्माण उ. स . | ३२०००० | |
| | | | | ७२ | कवर्ड हल मर्मत उपभोक्ता समिति | ६४०००० | |
| | | | | ७३ | राजकुलो ढल ड्रेन निर्माण उपभोक्ता समिति | ६५०८७५ | |
| | | | | ७४ | उद्यान निर्माण समिति | १६०००० | |
| | | | | ७५ | उद्यान निर्माण समिति | १४४००० | |
| | | | | ७६ | स्वेत बराह बस्ने खोरिया कलमसी सडक उपभोक्ता समिति | ५१२००० | |
| | | | | ७७ | थुम्का त्रिशुलधारा सडक उपभोक्ता समिति | १११९००० | |
| | | | | ७८ | धनेश्वर माथिल्लो डाँडा भुतेढुङ्गा ढल निर्माण उपभोक्ता समिति | ३२०००० | |

| | | |
|---|---|---|
| ७९ | लक्ष्यश्वर मार्ग उपभोक्ता समिति | १६०००० |
| ८० | लक्ष्यश्वर मार्ग उपभोक्ता समिति | ३२०००० |
| ८१ | थुम्का नाम्लेभिर सडक नाली निर्माण उ.स. | ९६००० |
| ८२ | थुम्का नाम्लेभिर सडक नाली निर्माण उ.स. | २४०००० |
| ८३ | श्री शारदा देवी मन्दिर संरक्षण संवर्धन तथा बिस्तार समिति , बनेपा-११ | ३२०००० |
| ८४ | टुकंप्वः गणेश मन्दिर जिर्णोद्वार समिति | ३२०००० |
| ८५ | स्वास्थ्य चौकी भवन तथा हल निर्माण उ.स. | २०४८०० |
| ८६ | स्वास्थ्य चौकी भवन तथा हल निर्माण उ.स. | ३०७२०० |
| ८७ | यादव खनाल | ३००००० |
| ८८ | दिपेश दुलाल | ३७६८०० |
| ८९ | यादव खनाल | १३५००० |
| | **जम्मा** | **३७१४४२४०.६७** |

| | | | | |
|---|---|---|---|---|
| | | १९ | श्यामकृष्ण श्रेष्ठको वढी भुक्तानीको प्रमाण पेशको आधारमा | १२१७४६५ |
| | | ३५ | विभिन्न कर्मचारीहरुको कार्यालय समयको वैठक भत्ता असुल | ९३५०० |
| | | ४४.४ | विद्यालयको सामाजिक परीक्षणको प्रमाण पेश गरेको | ७०००० |
| | | ४४.५ | मिरा पन्तको अनुगमन कार्य वापतको दोहोरो भत्ता | ७६५० |
| | | ४४.९ | विभिन्न कर्मचारीको अनुगमन भत्ता असुल | १७००० |
| | | ४४.११ | शैक्षिक तथ्यांक तयारी वापतको रकमको प्रमाण पेश भएको | १०२००० |
| | | ४८ | शिव प्र.हुमेगाँई र शान्ता कँवरको दोहोरो भत्ता रकम असुल | १७०० |
| | | ५१.४ | विभिन्न कर्मचारीको समिक्षा गोष्ठी वापतको रकम असुल | १७००० |
| | **चालु वर्षको जम्मा** | | | **३८६७०५५५.६७** |
| | **गत विगत वर्षतर्फको** | | | |
| २ | २०७५।७६ | ७.६ | चण्डेश्वरी भित्री गाउँ उपभोक्ता समिति को भुक्तानी रकम असुल गर्नुपर्ने | २७५१५ |
| ३ | २०७३।७४ | ४३.१६ | नगर सभामा धनबहादुर वादेलाई बढी बैठक भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्ने | ६००० |
| | | ४३.१७ | धनबहादुर वादेलाई बोर्ड बैठक भत्ता भुक्तानी गर्दा भरपाई बेगरको रकम भुक्तानी | ५७५० |
| | **गत विगतको जम्मा** | | | **३९२६५** |
| | **कुल जम्मा** | | | **३८७०९८२०.६७** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२५ देखि २०८०।९।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । पालिकाको लेखापरीक्षणमा वडामार्फत गरिएका सिफारिस जारी गर्ने लगायतका पालिका कार्यालयमा प्राप्त नहुने कागजात परीक्षण गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको प्राप्ति तथा भुक्तानी तर्फ रु. २,४२,३७,९२,६२८।०० लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूचि -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु ७८०२९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | स्वास्थ्यको कार्यक्रममा कट्टा भएको पारिश्रमिक कर वापतको रकम असुल भई दाखिला | ४११५ |
| २ | स्वास्थ्यको कार्यक्रममा दोहोरो भुक्तानी भएको रकम असुल भई दाखिला | ३६०० |
| ३ | लगत कट्टा भएका लाभग्राहीको खातामा भुक्तानी भएको रकम असुल भई दाखिला | ७०३१४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ दफा ४७ मा पेश्की दिने र फछ्यौट गर्ने समायवधिको बारेमा व्यवस्था गरेको छ।पालिकामा वर्षान्तमा पेश्की उपलब्ध गराउने र पछिल्लो आ.व. मा फछ्यौट गर्ने परिपाटिले पेश्की माथि पेश्की हुने अवस्था सिर्जना भएको देखिन्छ । यसरी पेश्की रकम लिएर समयमा नै फछ्यौट नगर्ने कर्मचारी संस्था तथा अन्य निकायले पेश्की फछ्यौंट गरेको प्रमाण पेश गर्नु पर्ने रु

| सि.न. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | चालु आ. व. | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद नाघेको रकम | म्याद ननाघेको |
| | कर्मचारी | | | | | |
| १ | ०६/१३/२०७९ | २६६ | इश्वरमान रंजित | २२५२२ | २५००० | ० |
| २ | ०३/२१/२०८० | १७४६ | रामेश्वर खड्का | २११४१ | ५९५०० | ० |
| | ठेकेदार | | | | | |
| ३ | ०२/२५/२०८० | १२ | एच.आर.वि. कन्स्ट्रक्सन प्रा.लि. | ३११५६ | ० | २९००००० |
| ४ | ०३/०८/२०८० | ८२५ | जे.पि. हार्डवेयर एण्ड कन्स्ट्रक्सन इण्डष्ट्रिज प्रा.लि. | ३११५१ | ० | २०००००० |
| ५ | ०३/१२/२०८० | १६ | एच.आर.वि. कन्स्ट्रक्सन प्रा.लि. | ३११५६ | ० | २९००००० |
| ६ | ०३/१९/२०८० | १० | बम्जन कन्स्ट्रक्सन | ३११५६ | ० | ५००००० |
| | संस्थागत | | | | | |
| ७ | १२/०२/२०७९ | ९९४ | चामुण्डा देवी रथयात्रा संचालन समिति | २२५२२ | ५०००० | ० |
| ८ | १२/१९/२०७९ | ११०७ | जिल्ला समन्वय समिति, काभ्रे | २२५२२ | ३००००० | ० |
| ९ | ०२/१४/२०८० | १३९९ | दिपंकर चुडाकर्म संघ | २२५२२ | ५००००० | ० |
| | उपभोक्ता समिति | | | | | |
| १० | ०६/१२/२०७९ | १०९ | सुमांगाल शान्ति मार्ग उ.स. , बनेपा-८ | ३११५९ | १५२४००० | ० |
| ११ | ०८/१८/२०७९ | १८४ | चुनाताल गैरीबारी आकाशदेवी सडक सुधार उ.स. , बनेपा-३ | ३११५९ | ४३५००० | ० |
| १२ | ११/१०/२०७९ | ३१५ | देउराली चौतारा सडक निर्माण उ.स.,बनेपा-१२ | ३११५९ | ३२०००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ११/१६/२०७९ | ३२५ | ढुगेखडबडे सडक उपभोक्ता समिति बनेपा १ | ३११५९ | ३२०००० | ० |
| १४ | १२/२८/२०७९ | ११३४ | कोठाउ खोला सिंचाइ उ.स. , बनेपा-३ | २२५२२ | १२८००० | ० |
| १५ | ०१/०५/२०८० | ४७४ | जिम्बु खानेपानी उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| १६ | ०१/१०/२०८० | ४९४ | चण्डेश्वरी पहिरो व्यवस्थापन उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| १७ | ०१/१३/२०८० | ५१४ | लुकुवाडोल हिम पाईप बाटो सुधार उपभोक्ता समिति | ३११५९ | ९६००० | ० |
| १८ | ०१/१८/२०८० | ५३७ | बनेपा ११ अपाङ्ग सिनागाल डिपबोरिङ खानेपानी उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| १९ | ०१/१८/२०८० | ५३९ | ओपी ठाडोखोला बृहत खानेपानी तथा सरसफाइ उ.स, बनेपा-५ | ३११५९ | १४४००० | ० |
| २० | ०१/१८/२०८० | १२६१ | ओपी ठाडोखोला बृहत खानेपानी तथा सरसफाइ उ.स, बनेपा-५ | २२५२२ | १६०००० | ० |
| २१ | ०१/२६/२०८० | ५६५ | श्रीखण्ड मार्ग राम मन्दिर ड्रेन निर्माण उ.स, बनेपा ६ | ३११५९ | १९२००० | ० |
| २२ | ०१/२८/२०८० | १३१५ | श्री क्षेत्रपाल देवीमाई संरक्षण उपभोक्ता समिति | २२५२२ | १६०००० | ० |
| २३ | ०२/०२/२०८० | १३४२ | सिमल डाँडा बालागाउ सडक उपभोक्ता समिति | २२५२२ | १६०००० | ० |
| २४ | ०२/०९/२०८० | ६२७ | साँगा आशापुरी बाटो ग्राबेल उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| २५ | ०२/१२/२०८० | ६४२ | खड्का टोल बाटो निर्माण उपभोक्ता समिति | ३११५९ | ९६००० | ० |
| २६ | ०२/१८/२०८० | ६६६ | ग्वासिन्चा कार्की गाउँ पलाञ्चोक भगवती मन्दिर निर्माण उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| २७ | ०२/१९/२०८० | ६६९ | सानोधारो खानेपानी उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| २८ | ०२/२१/२०८० | ६७३ | चण्डेश्वरी कोरीडोर उपभोक्ता समिति | ३११५९ | १२८००० | ० |
| २९ | ०२/२२/२०८० | ६९० | हरि अमृत धारा निर्माण उपभोक्ता समिति | ३११५९ | ८०००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | ०२/२३/२०८० | ६९५ | चेपु शान्ति बाटिका टोल सुधार समिति | ३११५१ | ९१२०० | ० |
| ३१ | ०२/२४/२०८० | ६९८ | गणेश मन्दिर मर्मत उपभोक्ता समिति | ३११५९ | ८०००० | ० |
| ३२ | ०२/२५/२०८० | ७२१ | चिसापानी भित्तिगाउँ खानेपानी उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| ३३ | ०२/२५/२०८० | ७२२ | सामुदायिक भवन ब्याङढुँगा उपभोक्ता समिति | ३१११२ | १६०००० | ० |
| ३४ | २०८०/०२/३० | ७४२ | महायान धर्म साधना द्धिप गुम्बा उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| ३५ | २०८०/०२/३१ | ७६८ | सल्ले खानेपानी योजना उपभोक्ता समिति | ३११५९ | ४८०००० | ० |
| ३६ | २०८०/०२/३२ | ७८८ | भड्खालो बाटो पर्खाल निर्माण उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| ३७ | २०८०/०२/३२ | ७९४ | ब्याङ्ढुगां खानेपानी सुधार उपभोक्ता समिति | ३११५९ | ६४००० | ० |
| ३८ | २०८०/०२/३२ | ७९६ | श्री शान्तिचोक उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| ३९ | २०८०/०२/३२ | ८०४ | नौ खेल विश्राम स्थल उपभोक्ता समिति | ३११५९ | १६०००० | ० |
| ४० | २०८०/०२/३२ | ८०६ | सिनागाल खानेपानी टयाङ्की निर्माण उपभोक्ता समिति | ३११५१ | ९६००० | ० |
| ४१ | २०८०/०२/३२ | १५१२ | पुण्यमाता तुल्टी फाँट उपभोक्ता समिति | २२५२२ | २२४००० | ० |
| ४२ | २०८०/०२/३२ | १५१४ | सिनागाल खानेपानी टयाङ्की निर्माण उपभोक्ता समिति | २२५२२ | १९००८० | ० |
| | व्यक्तिगत | | | | | |
| ४३ | ०५/२१/२०७९ | ८६ | चन्द्र बहादुर रंजितकार | २२४१३ | २५००० | ० |
| ४४ | ०६/१३/२०७९ | २६५ | सुरेन्द्र कुमार श्रेष्ठ , बनेपा-८ | २२५२२ | २०००० | ० |
| ४५ | ०६/१३/२०७९ | २६७ | सुमन रंजितकार | २२५२२ | २०००० | ० |
| ४६ | ०६/१४/२०७९ | २८७ | चन्द्र बहादुर रंजितकार | २२५२२ | १००००० | ० |
| ४७ | १०/११/२०७९ | ७०९ | चन्द्र बहादुर रंजितकार | २२५२२ | ५०००० | ० |
| ४८ | १२/०१/२०७९ | ९७८ | वद्री प्रसाद मानन्धर | २२५२२ | १४५२०० | ० |
| ४९ | १२/०५/२०७९ | १००९ | चन्द्र बहादुर रंजितकार | २२५२२ | ५०००० | ० |
| ५० | १२/१२/२०७९ | १०५० | चन्द्र बहादुर रंजितकार | २२५२२ | ५००००० | ० |
| ५१ | १२/१२/२०७९ | १०५८ | दिपक प्रजापती | २२६११ | ७५००० | ० |
| ५२ | ०१/०५/२०८० | ११७५ | सरिता श्रेष्ठ | २२५२९ | ३५०००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३ | ०१/१८/२०८० | १२६३ | चन्द्र बहादुर रंजितकार | २२५२२ | ३४२००० | ० |
| ५४ | ०१/२०/२०८० | १२७० | यादव खनाल | २२५२२ | १९६००० | ० |
| ५५ | ०१/२१/२०८० | १२८७ | चन्द्र बहादुर रंजितकार | २२५२२ | ३०००० | ० |
| ५६ | ०३/०८/२०८० | १५३० | चन्द्र बहादुर रंजितकार | २२५२९ | १८०००० | ० |
| कुल जम्मा | | | | | ९९४५९८०. | ८३०००००. |

कार्यालयका कर्मचारीहरुले पनि एउटा पेश्की फछ्र्यौट नगरीकन अर्को पेश्की लिने प्रवृत्ति देखिएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को व्यवस्था अनुरुप समयमानै पेश्की फछ्र्यौट नगर्ने कर्मचारी तथा संस्थाहरुलाई तोकिएको दरमा व्याज समेत असुल गरी पेश्की फछ्र्यौट गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

***(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्र्यौट भएको आधारमा विभिन्न मितिको निर्णयबाट रु.३,७१,४४,२४०।६७ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| पेश्की | ९९,४५,९८० |

### ३ ठेक्का वन्दोवस्त

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ६ | १३२५००००० | ० | ० | १३२५००००० | ० | ६ | | ३ | ४७५००००० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.१३ करोड २५ लाख लागतको ६ ठेक्का वन्दोवस्त गरेकोमा यस आव भित्र जम्मा ३ ठेक्काहरु रु ४ करोड ७५ लाखको मात्र सम्पन्न भएको देखिन्छ । कुल पूँजीगत खर्च रु ३९९७२०१९६.४६ भएकोमा कुल खर्च रकमको ११.८८ प्रतिशत मात्र ठेक्कामार्फत काम भएको देखिन्छ ।बाँकी ८८.१२ प्रतिशत रकम उपभोक्ता समिति मार्फत भएको देखिन्छ ।

### ४ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५३२ | ६ | ६२८६१४७०.१० | ५२६ | ३७८४६८४०३ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५३२ योजनामा मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु ६२८६१४७०.१० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५२६ योजनामा रु ३७८४६८४०३ खर्च गरेको छ । अर्थात ५३२ योजनामा भएको खर्च मध्ये १४.२४ प्रतिशत ठेक्का प्रक्रिया र ८५.७६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ५ राजस्व तर्फ

५.१ पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विभिन्न सटर पसल कवज वहालमा दिने प्रयोजनका लागि भवन क, ख, ग, घ, ङ र च व्लगमा ठेक्का सुचना लगाएकोमा ठेक्का परेका प्राय सबैले एक महिनाको बाहेक वहाल वुझाएको विवरण प्राप्त नभएकोले कुन-कुन ठेक्काबाट के-कति रकम उठेको हो र कति रकम उठ्न वांकि छ यकिन गरि ठेक्का सम्झौता वमोजिम सम्वन्धितवाट रकम दाखिला गराउन ताकेता गर्नुपर्ने र पसल कवल वहालको हिसाव किताव व्यवस्थित गरेर राखु पर्ने देखिएको । त्यस्तै क व्लगको सम्झौता फायल अडिटका क्रममा प्राप्त नभएकोले त्यसको अवस्था यकिन गर्न सकिएन भने वांकिको सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

<table>
<tr><td>व्लक</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>ख</td><td>मिति २०७९।०८।२६ गते वनेपा ८ निवासी रोहित श्रेष्ठसंग सम्झौता भइ मासिक ६७१२२६का दरले वहाल लागेकोमा एक महिनाको मात्र वहाल प्राप्त भएको देखिएकोले वांकी रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>४०२७३५६।००</td></tr>
<tr><td>ग</td><td>ब्लक ग को ठेक्का वडा ८ निवासी राधेश्याम काफ्लेसंग सम्झौता पश्चात मुद्धा परेर १ वर्ष पछि २०८०।०८।२७ मा कार्यदिश दिएकोमा विचको अवधि -करिव १ वर्ष _को वहालका सम्वन्धमा कार्यपालिकाको मिति २०८०।०७।२३ को निर्णयानुसार वांकी रकम सम्वन्धितवाट दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>नाम</td><td>रकम</td></tr>
<tr><td>यादव प्रसाई</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
<tr><td>प्रकाश गुरुङ</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
</table></td><td>११५६०००।००</td></tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>रोज वहादुर तामाङ</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
<tr><td>विष्णु माया थापा मगर</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
<tr><td>कुन्साङ लामा</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
<tr><td>मोक्ष वहादुर मोक्तान</td><td>मासिक १७०००का दरले ८ महिनाको १३६०००</td></tr>
<tr><td>अनिल श्रेष्ठ</td><td>मासिक ३४०००का दरले १० महिनाको ३४००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>घ</td><td>व्लक घ रोहित श्रेष्ठले ३२५१२५मा कवोल गरेपनि सम्झौता गर्न नआएको र दोश्रो तथा तेश्रो पनि नआएकोले चौथौ वोलपत्रदाता मनिषा वडालसंग रु१८२२२२मा सम्झौता भएको देखिएकोमा के कति कारणले प्रथम,दोश्रो तथा तेश्रो कवोलदाताहरु सम्झौता गर्न नआएको हो प्रष्ट हुन नसकिएकोले नियमानुसार धरौटी जफत गरेको प्रमाण पेश हुनुपर्ने
<table>
<tr><td>नाम</td><td>धरौटि रकम</td></tr>
<tr><td>रोहित श्रेष्ठ</td><td>१०५०००</td></tr>
<tr><td>निशान निमल्सिना</td><td>१०५०००</td></tr>
<tr><td>सुशन चौ प्रधान</td><td>१०५०००</td></tr>
</table>
· मनिषा वडालवाट १ महिनाको मात्र वहाल प्राप्त भएकोले वांकी अवधिको रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने असुल गर्नुपर्ने १०९३३३२</td><td>१४०८३३२</td></tr>
<tr><td>ङ</td><td>वनेपा ८ निवासी रोहित श्रेष्ठसंग सम्झौता भइ मासिक२५१२५ का दरले वहाल लागेकोमा ०७९।१०।१७ मा एक महिनाको मात्र वहाल प्राप्त भएको देखिएकोले वांकी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१२५६२५</td></tr>
<tr><td>च</td><td>मिति २०७९।०८।२३ गते दोर्जे ग्याङ्ग निर्माण सेवासंग सम्झौता भइ मासिक १०११११ का दरले वहाल लागेकोमा एक महिनाको मात्र वहाल प्राप्त भएको देखिएकोले वांकी रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>६०६६६६</td></tr>
</table>

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,२३,९७९ |

५.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले यस आर्थिक वर्षमा पालिकाले व्यवसाय दर्ता तथा नविकरणवाट रु ३७६०८७०।०० संकलन गरेकोमा पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ ।

५.३ पालिकाले ढुङ्गा, गिट्टि, बालुवा,ग्रावेल, माटो तथा खानीजन्य वस्तु आदिको विक्रि तथा निकासी शुल्क दस्तुर संकलन का लागि आ.व ०७७।०७८ मा रु १६५०६०००।०० मा ठेक्का लगाई आन्तरीक आय गरेको देखिएकोमा यस आ.व.मा त्यस वापत कुनैपनि आम्दानी गरेको नदेखिएकोले प्रचलित ऐन कानुनको अधिनमा रहि ढुङ्गा,गिट्टि, बालुवा,ग्रावेल, माटो तथा खानीजन्य वस्तु आदिको विक्रि तथा निकासीलाई व्यवस्थित गर्दै आन्तरीक आयको अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५.४ फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८ मा स्थानीय तहले फोहोरमैला व्यवस्थापन शुल्क स्वयं निर्धारण गरी उठाउन सक्ने र उक्त शुल्क स्थानीय तहले आफैले वा निजले तोकेको संस्था वा निकायमार्फत उठाउन सक्ने उल्लेख छ । यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी स्थानीय तहले छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ ।पालिकाको फोहोरमैला व्यवस्थापन सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

• पालिकाले परिवर्तन सेवा प्रा.लि संग मिति ०७८।०७।०७ मा सम्झौता गरी फोहोरमैला संकलन तथा व्यवस्थापनको कार्य गराउँदै आएकोमा सम्झौतामा परिवर्तन सेवा प्रा.लि सँग सेवा शुल्क वा कर लिने कुनै पनि कुरा उल्लेख नभएको पाइयो। साथै फोहोर संकलनका लागि मिति २०७८।०९।०९ मा परिवर्तन सेवा प्रा लि संग सम्झौता गरी रु ४ लाख धरौटी लिई पालिकाको तर्फबाट सवारी साधन र चालक समेत उपलव्ध गराएको पाइयो।पालिकाको आर्थिक ऐनमा नगरवासीसँग फोहोरमैला व्यवस्थापन शुल्क वापतको दर निर्धारण गरिएको तर फोहरमैला व्यवस्थापन तथा सेवा शुल्क संकलनवाट पालिकालाई कुनै पनि आय प्राप्त नभएको देखिएकोले त्यसबाट पालिकाले प्राप्त गर्ने आन्तरीक आयमा परेको नोक्सानी एवम् असरको विश्लेषण गर्दै ऐन बमोजिम फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका तथा मापदण्ड बनाई सोबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्चगर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सम्झौता वमोजिम पालिकाले एक जना सवारी चालक पनि उपलव्ध गराउने र सवारी चालकको पारिश्रमिक वापतको रकम परिवर्तन सेवा प्रा लि ले पालिकाको खातामा रकम जम्मा गराउने उल्लेख भएकोमा सवारी चालकको पारीश्रमिक वापतको रकम पालिकाको खातामा आएको देखिएन । सम्झौता वमोजिम सवारी चालकले पारिश्रमिक वुझेको भर्पाइ वा पालिकाको खातामा जम्मा गरेको भर्पाइ पेश हुनुपर्दछ ।

५.५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । सुत्र सफ्टवयेर अनुसार पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १२००००००. | १२७६८२१७.१५ | १०६.४ |
| ११३१४ भुमिकर/मालपोत | ५००००००. | ४९०८४३४. | ९८.१७ |

| | | | |
|---|---|---|---|
| ११३२१ वहाल कर | २००००००००. | २९७१८३५१.२५ | १४८.५९ |
| ११६९१ अन्य कर | १०००००. | २१२५७४५. | २१२५.७५ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १३५००००००. | ३३८८९७७. | २५.१ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १०००००. | ० | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २१००००००. | १६१४८८१. | ७६.९ |
| १४२४२ नक्सापास दस्तुर | ११००००००. | ५८१३७११.४८ | ५२.८५ |
| १४२४३ सिफारिश दस्तुर | १००००००००. | १०१८०४२६.५८ | १०१.८ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १०५०००. | १३०६२०. | १२४.४ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४२,०००.०० | ६३,१२०.०० | १५०.२९ |
| १४२४९ अन्य दस्तुर | २७०००००. | १५०६३४५.२८ | ५५.७९ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४००००००. | ३७६०८७०. | ९४.०२ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७८००००. | ५९३०६७.०१ | ७६.०३ |
| १४५२९ अन्य राजस्व | १००००००. | २१३३२५५.७१ | २१३.३३ |
| जम्मा | ८२४२७०००. | ७८७०६०२१.४६ | ९५.४८ |

आय संकलनका सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्- उपरोक्त विवरण अनुसार शिर्षकगत रुपमा विश्लेषण गर्दा पालिकाले यस वर्ष अनुमानको तुलनामा सवैभन्दा वढि अन्य करमा २१२५।७५ प्रतिशत र सवैभन्दा कम सम्पत्तिको वहालवाट प्राप्त आयमा २५।१० प्रतिशत संकलन गरेको देखिन्छ । यसवाट आय अनुमान गर्ने आधार तथ्याकंपरक र यथार्थपरक रहेको देखिएन । अतः पालिकाले गत विगत वर्षको तथ्याकं, नयाँ तथा ठुला करदाताको पहिचान गर्दै तिनिहरुलाई पनि करको दायरामा ल्याई करदाता अभिलेख अद्यावधिक गरी चालु आर्थिक वर्षमा प्राप्त गर्न सकिने आयको यथार्थपरक अनुमान गर्दै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरीक आयको हिस्सा वढाउने तर्फ ध्यान दिनुपर्दछ ।पालिकामा राजश्व संकलनको रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि खातामा आम्दानी असुलि , वक्यौता वाँकी तथा रसिदको व्यवस्थित ढंगले अद्यावधिक विवरण राखेको पाइएन। रसिद नियन्त्रण खातामा कतिपय रसिदको जोडजम्मा नखुलेको, रसिदको रकम वैंक दाखिला कहिले भएको नखुलेको, रसिद तथा रकम वुझ्नेको नाम नखुलेको आदि कारणले आर्थिक वर्षको अन्त सम्ममा के कति रसिद आम्दानि वक्यौता वांकी भयो भनि यकिन गर्न सकिएन । अत् पालिकाले रसिद नियन्त्रण खातामा रसिदको आम्दनी तथा खर्चको व्यवस्थित अभिलेख राखि आय संकलन, लेखाकंन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शि तथा सुदृढ वनाउनु पर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक आय संकलनका लागि सांग्रिला सफ्टवेयर प्रयोग गरेकोमा भुमिकर र सम्पत्ति करको मात्र कम्प्युटर विलिङ्ग गरेको पाइयो भने सफ्टवेयर तथा हाते नगदे रसिद दुवै प्रयोग गर्ने गरेकाले राजश्वको वास्तविक एकिकृत विवरण प्राप्त गर्न सकिएन । पालिका तथा वडावाट संकलित राजश्व नियमानुसार समयमा नै दाखिला गर्नुपर्नेमा ६ महिना देखि गत आर्थिक वर्ष सम्मका बैंक भौचर को आम्दानी देखाइएको पाइयो। यस्ता कार्यले आन्तरिक आय संकलन र लेखाकंनमा आन्तरिक नियन्त्रण प्रणाली विश्वशत र भर्पर्दो देखिएन । अत् नियममा भएको व्यवस्था वमोजिम समयमा नै राजश्व दाखिला गरी आय व्यवस्थापन प्रभावकारी वनाउनु पर्दछ ।

## ६ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | २२ |
| २. | नियमावली | १२ |
| ३. | कार्यविधि तथा निर्देशिका | ३१ |
| ४. | नीति | २२ |
| | **जम्मा** | **५०** |

## ७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेकोछ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ११ | १३ | २३ | ५ | १८ |

## ८ आन्तरिक नियन्त्रण तर्फः

८.१ बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन । पदाधिकारी तथा कर्मचारीहरुले पालिकाको क्षेत्रभित्र सञ्चालित योजनाहरुको अनुगमन वापत आ व २०७९।८० मा रु २२३२३५ योजना अनुगमन भत्ता भुक्तानी गरेको देखिएकोले अनुगमन गरिएको योजनाहरुको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको सुविधा भुक्तानी कार्यले गर्दा पालिकालाई थप व्ययभार परेको देखिन्छ ।

८.२ सवारी साधन मर्मत संभार शिर्षकमा आर्थिक वर्ष २०७९।८० मा रु २६ लाख ४२ हजार खर्च भएको देखिन्छ । इन्धनमा रु ८० लाख ५४ हजार खर्च भएको देखिएको साथै विविध खर्चमा ५८ लाख खर्च भएको देखिएको छ । व्यवस्थित रुपमा मर्मत अभिलेख तथा सवारी साधनको लागि आवश्यक पर्ने इन्धनमा इन्धनको लग बुक र विविध खर्च सम्वन्धी कार्यविधि समेत निर्माण गरेको देखिदैन।साथै यस वाहेक वडाको प्रशासनिक खर्चबाट पनि इन्धन तथा मर्मतमा खर्च गरेको देखिन्छ । यस तर्फ पालिकाले आफ्नो आन्तरिक

नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रण गरी वित्तिय सुशासन कायम गर्नेतर्फ ध्यान जानु जरुरी देखिन्छ ।

८.३ भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च गर्नु पूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरी कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यस वर्ष पालिकाले उपलव्ध गराएको विवरण अनुसार अनगमन मूल्याङकन भ्रमण खर्च र अन्य भ्रमण खर्च वापत जम्मा रु ७६५८१० खर्च भएको देखि एको छ ।भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही भौचर नमूना परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च गर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन । भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ । · कार्यालय भन्दा बाहिरका अन्य व्यक्तिलाई समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो।यस्तो प्रकारको परिपाटीमा नियन्त्रण हुनु पर्दछ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

८.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पादन गरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको पालिका प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन । स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुचि ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्बन्धित निकायमा पेश गरेको प्रमाण उपलब्ध भएन । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिनखर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम तयार गरेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्ववस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन । पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन । पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनि बहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन । पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त

व्यवस्थापन गरेको देखिएन । पालिकाले जिन्सी सामानको विवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन । जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन । सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन । योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन । नगदी रसिद नियन्त्रण प्रणाली व्यवस्थित रुपमा अवलम्वन गरेको देखिएन । अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन । ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तिय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ । वित्तिय व्यवस्थापन रणनीति खाका तयार गरी त्यसका मुख्य सुचक तयार गरी उपलब्धीहरुको मापन गर्नुपर्नेमा सो बमोजिम सुचक नै तयार गरेको पाइएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निमायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानिय तहले निर्माण व्यवसायि तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गरेको पाइएन । सार्वजनिक खरिद ऐन २०६३ मा बिस लाख भन्दा माथिको निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले सो कार्य गरेको पाइएन । भ्रमण खर्च नियमावली २०६४ अनुसार पालिकाले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख राख्नुपर्नेमा उक्त कार्य गरेको पाइएन,साथै भ्रमण पश्चात भ्रमण प्रतिवेदन तयार गरेको देखिएन । दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन । संस्थागत विद्यालयहरुको दर्ता,नविकरण,शूल्क निर्धारण,अनिवार्य निशूल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन । संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणली IEMIS अद्यावधिक गरेको पाइएन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन । स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वयन अवस्था संग आवद्द गरेको देखिएन । संघिय सरकारबाट हस्तान्तरित शसर्त कार्यक्रम सञ्चालनको क्रममा अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ को पूर्णरुपमा पालना भएको पाइएन ।

## ९ वित्तिय विवरण तर्फ

### ९.१ बैक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण अनुसुचि २४ बमोजिम श्रेस्ता र बैंङ्कमा निम्नानुसार फरक देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| नेपाल बैंक लिमिटेड | ०१५०३००००००१००१०००००१ | ग १.१, आन्तरिक राजस्व खाता | ४,५४,७६०.५२ | ४८,७४०.०० |
| नेपाल बैंक लिमिटेड | ग-१.२/ ०१५०३००००००१००२०००००१ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | ग-१.३/ ०१५०३००००००१००३०००००१ | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | चालु खाता जोर ग—२.२/ ०१५०३००००००२००२०००००१ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ८६,६४३.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | पुजिगत खर्च जोर वर्ष ग—२.४/ ०१५०३००००००२००४०००००१ | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | बित्तीय खाता जोर वर्ष ग—२.६/ ०१५०३००००००२००६०००००१ | ग २.६, वित्तीय खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | ग-२-७ स्थानीय तह बिबिध खर्च ०१५०३००००००२००७०००००१ | ग २.७, विविध खर्च खाता | १,२६,६४,५१०.१७ | ३,०५,९९,३००.२६ |
| नेपाल बैंक लिमिटेड | ग-७.२ / ०१५०३००००००७००२०००००१ | ग २.७, विविध खर्च खाता | ८,६७,०४१.०० | |
| नेपाल बैंक लिमिटेड | ग-५.१/ बिबिध कोष खाता ०१५०३००००००५००१०००००१ | ग २.७, विविध खर्च खाता | १,०५,२८,६५४.६६ | |
| नेपाल बैंक लिमिटेड | काभ्रे खानेपानी ०१५००१०००५४७६३०००००१ | ग २.७, विविध खर्च खाता | २२,५१,३८०.०० | |
| नेपाल बैंक लिमिटेड | तुल्टी फांट ०१५००१०००५३०८००००००१ | ग २.७, विविध खर्च खाता | ३९,२९,८१८.२६ | |
| नेपाल बैंक लिमिटेड | म.स्वा.स्व.से.अवकास कोष ०१५०१००००५५८४००००००१ | ग २.७, विविध खर्च खाता | २,३३,५५२.२९ | |
| नेपाल बैंक लिमिटेड | संचित बिद कोष ०१५०१००००५५८९३०००००१ | ग २.७, विविध खर्च खाता | ६२,१७१.९४ | |
| नेपाल बैंक लिमिटेड | उपचार खर्च कोष ०१५०१००००५५८९२०००००१ | ग २.७, विविध खर्च खाता | ६२,१७१.९४ | |
| नेपाल बैंक लिमिटेड | ०१५००१०००५०४५४०००००१ | ग २.७, विविध खर्च खाता | ०.०० | |
| नेपाल बैंक लिमिटेड | ०१५०३००००००३००००००००१ | ग ३.१, स्धानीय तह धरौटी खाता | १,७८,९७,८६९.४९ | १,७८,९७,८६९.४९ |

| | | | | |
|---|---|---|---|---|
| नेपाल बैंक लिमिटेड | ग-४.१/ स्थानीय तह संचित कोष ०१५०३०००००४००१००००००१ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३६,५४,२४,८४१.१९ | ३६,५४,२४,८४१.१९ |
| नेपाल बैंक लिमिटेड | १ग-५-१ / कर्मचारी कल्याण कोष ०१५०३००००००००५००१००५ | ग ५.१, कर्मचारी कल्याण कोष खाता | ०.०० | ०.०० |
| नेपाल बैंक लिमिटेड | ०१५०३०००००६००१००००००१ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ७,८३,९८४.२७ | ७,८३,९८४.२७ |
| नेपाल बैंक लिमिटेड | ग-७.१/ आकस्मिक कोष ०१५०३०००००७००१००००००१ | ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ७,१७,६८९.३४ | ७,१७,६८९.३४ |
| बैक कारोबारमा भिन्नता राजस्व खाता र सञ्चित कोष खाता | | | ९,९९,२९,२५८.२१ | |
| **जम्मा** | | | **५१,५८,९४,३४६.२८** | **४१,५४,७२,४२४.५५** |

## ९.२ मौज्दात रकम

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु १००२१२४७३४.५२ खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु ३६५४२४८४१.१९ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सधैं गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ९.३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९ करोड ३१ लाख ५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

९.४ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५५ करोड ३१ लाख ४६ हजार मौज्दात रहेकोमा यो वर्ष रु.६६ करोड ९१ लाख ३९ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११ करोड ५९ लाख ९३ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

## ९.५ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१७ करोड ४७ लाख २८ हजार , यस वर्षको प्राप्तिमा रु ९ करोड २८ लाख ४९ हजार ,यस वर्षको भुक्तानीमा रु ३७ करोड २७ लाख ७३ हजार र बैङ्क मौज्दातमा रु ४८ करोड ५९ लाख ९९ हजार फरक परेको छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी

म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६६९१३९२८६.९२ | ८८३१३८०३६.७२ | १०६७७२९६८५.९० | ५१५८९४३४६.२८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९४४१०७०४.०७ | ९७५९८७२२०.५३ | १४४०५०२७६५.४८ | २९८९५१५९.१२ |
| फरक | १७४७२८५८२.८५ | ९२८४९१८३.८१ | ३७२७७३०७९.५८ | ४८५९९९१८७.१६ |

## ९.६ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,७३,५४,६३,८१८.०७ | ९६,९८,५१,८३३.१९ | | ९६,९८,५१,८३३.१९ | १,०४,४०,६८,१५०.९२ | | १,०४,४०,६८,१५०.९२ |
| **क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने)** | | १,६१,०५,३९,५८१.०० | ८८,३१,३८,०३६.७२ | ०.०० | ८८,३१,३८,०३६.७२ | ९९,६५,६७,४४४.३६ | ०.०० | ९९,६५,६७,४४४.३६ |
| ११००० कर | ११ | ३९,४४,६९,०००.०० | २९,६३,५१,६८७.०७ | ०.०० | २९,६३,५१,६८७.०७ | ४०,५७,११,४०५.९६ | ०.०० | ४०,५७,११,४०५.९६ |
| १३००० अनुदान | | ७२,३८,४०,४२१.०० | ५५,५१,८२,७३६.५९ | ०.०० | ५५,५१,८२,७३६.५९ | ५४,७४,७४,७४१.७९ | ०.०० | ५४,७४,७४,७४१.७९ |
| संघीय सरकार | १२ | ६२,८५,५५,४२१.०० | ५०,२६,५६,५७४.५८ | ०.०० | ५०,२६,५६,५७४.५८ | ५०,४८,३५,७४६.६८ | ०.०० | ५०,४८,३५,७४६.६८ |
| प्रदेश सरकार | १२ | ८,०२,८५,०००.०० | ३,९३,२१,३४४.०१ | ०.०० | ३,९३,२१,३४४.०१ | ३,८७,८८,९९५.११ | ०.०० | ३,८७,८८,९९५.११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जनसहभागिता | | १,५०,००,०००.०० | १,३२,०४,८१८.०० | ०.०० | १,३२,०४,८१८.०० | ३८,५०,०००.०० | ०.०० | ३८,५०,०००.०० |
| १४००० अन्य राजस्व | | ४,५३,२७,०००.०० | ३,१६,०३,६१३.०६ | ०.०० | ३,१६,०३,६१३.०६ | ४,३३,८१,२९६.६१ | ०.०० | ४,३३,८१,२९६.६१ |
| ३२००० वित्तीय सम्पत्ति | | ४४,६९,०३,१६०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | १२,४९,२४,२३७.०७ | ८,६७,१३,७९६.४७ | | ८,६७,१३,७९६.४७ | ४,७५,००,७०६.५६ | | ४,७५,००,७०६.५६ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ७,८३,९८४.२७ | ०.०० | ७,८३,९८४.२७ | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | १२,४९,२४,२३७.०७ | ६,९७,१२,०३९.३० | ०.०० | ६,९७,१२,०३९.३० | ३,९६,०१,१३१.०० | ०.०० | ३,९६,०१,१३१.०० |
| धरौटी | | ०.०० | १,६२,१७,७७२.९० | ०.०० | १,६२,१७,७७२.९० | ७८,९९,५७५.५६ | ०.०० | ७८,९९,५७५.५६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १,७३,५४,६३,८१८.०७ | १,०६,७७,२९,६८५.९० | | १,०६,७७,२९,६८५.९० | १,०२,५४,५७,१६९.३१ | | १,०२,५४,५७,१६९.३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,६१,०५,३९,५८१.०० | १,००,२१,२४,७३४.५२ | | १,००,२१,२४,७३४.५२ | १,०१,००,४६,५३७.४९ | | १,०१,००,४६,५३७.४९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३,२९,२४,०००.०० | ८,४६,५९,४७२.१५ | ०.०० | ८,४६,५९,४७२.१५ | ३०,२९,०८,५५८.६३ | ०.०० | ३०,२९,०८,५५८.६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६५,९६,११,८७७.०० | ४८,८४,२३,७३५.१६ | ०.०० | ४८,८४,२३,७३५.१६ | १७,९६,९९,४५७.९९ | ०.०० | १७,९६,९९,४५७.९९ |
| २४००० ब्याज, सेवा | १८ | ५०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ६०,९५,६९५.८५ | ०.०० | ६०,९५,६९५.८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शुल्क तथा बैंक कमिशन | | | | | | | | |
| २५००० सहायता (Subsidy) | १८ | ४८,९४,०००.०० | ३५,५५,९६०.३३ | ०.०० | ३५,५५,९६०.३३ | ३,२०,०७,८४०.६९ | ०.०० | ३,२०,०७,८४०.६९ |
| २६००० अनुदान | १८ | १,०८,५९,२८३.०० | २०,५०,०३७.४२ | ०.०० | २०,५०,०३७.४२ | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,६०,६०,०००.०० | १,०२,३५,०००.०० | ०.०० | १,०२,३५,०००.०० | २,०६,७१,४८८.०० | ०.०० | २,०६,७१,४८८.०० |
| २८००० अन्य खर्च | १८ | २६,००,०००.०० | ९,८०,३३३.०० | ०.०० | ९,८०,३३३.०० | ९,३९,२३०.६२ | ०.०० | ९,३९,२३०.६२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ७६,६०,९०,४२१.०० | ३९,९७,२०,१९६.४६ | ०.०० | ३९,९७,२०,१९६.४६ | ४४,४९,२३,२७०.०६ | ०.०० | ४४,४९,२३,२७०.०६ |
| ३३००० दायित्व | १८ | १,२५,००,०००.०० | १,२५,००,०००.०० | ०.०० | १,२५,००,०००.०० | २,२८,००,९९५.६५ | ०.०० | २,२८,००,९९५.६५ |
| घ. अन्य भूक्तानी | | १२,४९,२४,२३७.०७ | ६,५६,०४,९५१.३८ | | ६,५६,०४,९५१.३८ | १,०२,५४,५७,१६९.३१ | | १,०२,५४,५७,१६९.३१ |
| कोषहरु | | १२,४९,२४,२३७.०७ | ५,८०,३७,३२२.०६ | ०.०० | ५,८०,३७,३२२.०६ | १,२९,०७,३९१.३० | ०.०० | १,२९,०७,३९१.३० |
| धरौटी | | ०.०० | ७७,७७,६६४.९७ | ०.०० | ७७,७७,६६४.९७ | २५,०३,२४०.५२ | ०.०० | २५,०३,२४०.५२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,१०,०३५.६५) | | (२,१०,०३५.६५) | | | |
| ङ. यो वर्षको | | | (९,७८,७७,८५२.७१) | | (९,७८,७७,८५२.७१) | १,८६,१०,९८१.६१ | | १,८६,१०,९८१.६१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बचत (न्युन) | | | | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६६,९१,३९, २८६.९२ | | ६६,९१,३९, २८६.९२ | ५२,३९,२८, ३६५.४८ | | ५२,३९,२८, ३६५.४८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५७,१२,६१, ४३४.२१ | | ५७,१२,६१, ४३४.२१ | ५४,२५,३९, ३४७.०९ | | ५४,२५,३९, ३४७.०९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५१,५८,९४, ३४६.२८ | | ५१,५८,९४, ३४६.२८ | ६४,६५,०९, ०९६.३५ | | ६४,६५,०९, ०९६.३५ |

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

| **सि नं** | **विवरण** | **निकासा खर्च हजारमा** |
|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १९३१०५५५५.१० |
| | **जम्मा** | १९३१०५५५५.१० |

## १० बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९/०३/१० गते रु. १ अर्ब ५५ करोड २४ लाख ८४ हजार एक सय साठी को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/२४ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ११ नक्सा पास

पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| **क्र.सं.** | **आर्थिक वर्ष** | **नक्सा दर्ता संख्या** | **नक्सापास संख्या** |
|---|---|---|---|
| १ | २०७९/८० | ३०९ | ३०९ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ३०९ वटा नयाँ नक्सा दर्ता र नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

## १२ भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन

पालिकाले सम्बन्धित वडा मार्फत संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ ।

| **क्र.स.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १ | भूमिहिन दलित | १६ |
| २ | भूमिहिन सुकुम्बासी | ८७ |
| ३ | अव्यवस्थित बसोबासी | ९७ |
| | **जम्मा निवेदन** | **२०१** |

## १३ अन्य सहायता

पालिकाले यस वर्ष उपभोक्ता समिति, गैर सरकारी संस्था, सामाजिक संघ-संस्था तथा अन्य व्यक्तिलाई सहायता लगायतमा यस वर्ष रु १७ लाख मात्र आर्थिक सहायता वितरण गरेको छ ।

## १४ धरौटी खाता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६८ मा उल्लेखित अवधि भित्र धरौटी फिर्ता लिन नआएको, बैंक खातामा जम्मा भएको तर धरौटी खातमा लेखाकंन नभएको तथा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजश्व खातामा दाखिला गर्न सक्ने व्यवस्था छ । पालिकाले गौ.भौ.नं १५६।०८०।०३।३१ बाट गत विगतको नामनामेसी नखुलेको धरौटी भनि रु. ८७४६०४।४५ अल्या गरेको छ । यसरी नामनामेसी नभिडेको रकम कसले के प्रयोजनका लागि राखेको हो सो को नाम तथा प्रयोजन खुलाई धरौटी खातामा अद्यावधिक गर्नुपर्ने अन्यथा राजश्व खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

## १५ तलवी प्रतिवेदन

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ ।स्थानीय निकाय बनेपा नगरपालिकामा नै स्थायी भएका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरिएको भए तापनी कर्मचारी समायोजन भई यस नगरपालिकामा सरुवा भएर आएका कुनै पनी स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराइको तलव भत्ता वापत रु ६६०९९०८४ खर्च गरेको पाइयो । अतः उल्लेखित कानूनमा व्यवस्था भए बमोजिम सम्पूर्ण कर्मचारीको तलवी प्रतिवेदन पास गर्ने तर्फ पालिकाले पहल गर्नु पर्दछ ।

## १६ प्रोत्साहन भत्ता

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोंने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाले कार्यरत कर्मचारीलाई यस वर्ष रु २१९२१५१ प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा कार्यसम्पादनलाई आधार नमानी एकै दरमा सबै कर्मचारीलाई तलबको प्रतिशतका आधारमा भुक्तानी गरिएकोले सो को लागि निश्चित सूचक निर्माण गरी सोही आधारमा भुक्तानी गर्नु उपयुक्त हुने देखिन्छ ।

## १७ दरबन्दी र पदपूर्ती

पालिकामा कार्यरत कर्मचारीहरुको दरवन्दी र पदपूर्तीको अवस्था निम्न बमोजिम रहेको छ ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | ज्यालादारी | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | अधिकृत स्तर नवौ | १ | १ | ० | ० | ० |
| २ | अधिकृत स्तर आठौ | ५ | ३ | २ | २ | ० |
| ३ | अधिकृत स्तर सातौ | ४ | ४ | ० | ० | ० |
| ४ | अधिकृत स्तर छैठौ | ४७ | ४२ | ५ | ० | ० |
| ५ | सहायक स्तर पाचौं | ५८ | ४५ | १३ | ० | ० |
| ६ | सहायक स्तर चौथौ | ३० | १ | २९ | ० | ० |
| ७ | श्रेणी विहिन | ८६ | २२ | ६० | ४ | ० |
| **जम्मा** | | **२३२** | **११९** | **१०९** | ४ | **०** |

पालिकाले पेश गरेको दरवन्दी पदपूर्ती विवरण अनुसार कुल दरबन्दी २३२ मा ११९ जना मात्र स्थायी कर्मचारी पदपूर्ती भई बाँकी १०९ जना करार र ४ जना ज्यालादरी मा पदपूर्ती भएको देखिएको हुँदा करार र ज्यालादरीमा नियुक्ती गर्नु भन्दा स्थायी पदपूर्ती गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## १८ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त कोषका लागि स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । रकम भुक्तानीका लागि छुट्टै कोष खडा गरी रकम जम्मा गर्नुपर्नेमा यस पालिकाले सो कार्य नगरी आ व २०७९ ८० मा गाँउपालिका चालु शीर्षकबाट रु ६५००००० तथा पुँजीगत शीर्षकबाट रु ३७५०००० औषधी उपचार र संचित विदा खर्च वापत ५६२५००० गरी जम्मा रु १५८७५००० सिधै कोषमा रकम ट्रान्फर गरी आम्दानी बाध्ने

गरेको देखिएको छ। आ व २०७९।८० मा पालिकाले ७ जना कर्मचारीलाई अवकाश बापत रकम रु. ४०९६१४८०.९५ भुक्तानी गरेको देखिन्छ। कोष संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनेको छैन । समयअनुसार उपदान, संचित बिदा, कर्मचारी संख्या, अवकाश हुने समय लगायत विभिन्न पक्षलाई विमांकी मूल्यांकन (Actuarial Valuation) गरी कोषको दायित्व र सम्पत्तिको यथार्थ अवस्थाको आँकलन तथा भविष्यको जिम्मेवारी बहन गर्ने क्षमता रहे नरहेको पूर्वानुमान गरी सोही बमोजिम कोषमा रकम जम्मा गर्नुपर्नेमा अनुमानका आधारमा पटके निर्णय गरी पुँजीगत बजेटबाट कोषका लागि रकम छुट्याउने गरेको देखिन्छ । ऐन बमोजिम कर्मचारीको योगदान समेतको व्यवस्था गरी कोष सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कोषमा रकम जम्मा गर्ने र सोही बमोजिम अवकाश सुविधा भुक्तानी गर्ने व्यवस्था गरी भुक्तानी गर्ने व्यवस्था गर्नु पर्दछ ।

## १९ सेवाअवधी गणना

तत्कालिन स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २६९ (ग) मा स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक बर्षभन्दा बढी अवधी सम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखि सोही पदमा स्थायी नियुक्ति पाएको भए बढुवा प्रयोजन लागि साविकमा निजले गरेको सेवा अधिकृतस्तरमा भए छैसठ्ठी प्रतिशत र सहायकस्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था रहेको छ साथै नियम २६८ मा कर्मचारीले पाउने सक्ने उपदान को दर पनि तोकिदिएको छ र साथै बागमति प्रदेशबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७९ को दफा ८४ (१) मा नोकरी अवधी गणना गर्दा कर्मचारीले स्थायी नियुक्ति भई निरन्तर नोकरी गरेको अवधिलाई गणना गर्न सकिने कुरा र ८४ (३) मा सेवा अवधि गणना गर्ने सम्बन्धमा स्थानिय तहले आवश्यक निर्णय गर्न सक्ने कुरा उल्लेख गरेको छ । बनेपा नगरपालिकाको नगरसभाबाट मिति २०७७।११।५ मा स्वीकृत भई मिति २०७८।१०।२७ मा प्रमाणिकरण गरेको राजपत्रमा स्थानिय तहमा सुरुमा ज्यालादरी तथा अस्थायि सेवा मा नियुक्त भएका कर्मचारीहरुको सोही समयदेखिको समयावधि समेत जोडी तत्कालिन संघिय कानुन र हालको प्रदेश कानुन विपरित सेवाअवधी गणना गरी निम्नानुसारका कर्मचारीलाई उपदान भुक्तानी गर्दा यसरी संघ र प्रदेश कानुन संग बाझिने गरी कानुन निर्माण गरी सोही अनुरुप ज्यालादारी करार र अस्थायी रुपमा काम गरेको समयावधि समेत गणना गरी भुक्तान भएको उपदान रकम दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने

| नाम थर | अस्थायि नियुक्ति मिति | स्थायी नियुक्ति मिति | भुक्तानी भएको सेवा अवधि | हुनुपर्ने सेवा अवधि | बढी अवधि | अवकाश समयमा तलव स्केल रु | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| निर्मल मुस्याजु | २०४०।१।२० | २०४१।२।११ | ४१ वर्ष ११ महिना (३० वर्ष माथि सेवा अवधिमा | ४० वर्ष ११ महिना | १ वर्ष | ५८०७५ | १४५१८७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २ वर्ष थप) | | | | |
| चिरञ्जिवि अर्याल | २०५०।८।१ | २०५८।२।१६ | २८ वर्ष ८ महिना ११ दिन | १९ बर्ष ३ महिना २६ दिन | ७ वर्ष ४ महिना १५ | ५८०७५ | १०७४३८७ |
| नरेन्द्रभक्त पोते श्रेष्ठ | २०४५।१२।१० | २०५१।४।३२ | ३५ वर्ष ७ महिना ८ दिन | २९ वर्ष १६ दिन | ६ वर्ष ८ महिना २२ | ४५१५२ | ७६७५८४ |
| अमिता कर्मचार्य | २०४०।५।३१ | २०४१।२।११ | ४१ वर्ष ६ महिना १० दिन | ४१ वर्ष ३ महिना १ दिन | ९ महिना ११ दिन | ४५१५२ | १०१५९२ |
| विमला पोते | २०४४।७।२ | २०४५।६।२६ | ३७ वर्ष ६ महिना ७ दिन | ३६ वर्ष ६ दिन | १ वर्ष | ४५१५२ | ११२८८० |
| जम्मा | | | | | | | २२,०१,६३० |

***(प्रारम्भिक प्रतिवेदन उपर वढी भुक्तानी रकमको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.१२,१७,४६५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,०१,६३० |

२० **रकमान्तर**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८९ कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । यस पालिकामा आ ब २०७९।८० मा कार्यपालिकाको बैठकले पटके निर्णय गरी एक आयोजनामा विनियोजित रकम अर्को आयोजनमा रकमान्तर गरेको देखिएको छ ।यसरी रकमान्तर गरेको योजना तथा कार्यक्रमहरुको एकमुष्ट विवरण र रकमान्तर गरेको रकम समेत एकिन गर्न नसकिएको हुँदा ऐन, नियम र कानुनको परिधी भित्र रहि रकमान्तर गर्ने तर्फ पहल गर्नुपर्दछ ।यसरी आर्थिक वर्षको विच अवधि भुक्तान भईसके पश्चात बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दीगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

## २१ चालु र पूँजीगत बजेट

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत | वित्तीय बजेट रु | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १६१०५३९५८ | ८३१९४९१६० | ५१.६५ | ७६६०९०४२१ | ४७.५६ | १२५००००० | ०.७८% |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु १६१०५३९५८ बजेट विनियोजन भएकोमा चालु तर्फ रु ८३१९४९१६० प्रतिशतमा ५१.६५% र पूँजीगत तर्फ रु ७६६०९०४२१ प्रतिशतमा ४७.५६% र वित्तीय तर्फ १२५००००० प्रतिशतमा ०.७८% बजेट विनियोजन भएको छ ।

## २२ बजेट र पूजिगत खर्चको प्रतिशत

नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६७६०९०४२१ | ३९९७२०१९६ | ५२ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु ६७६०९०४२१ विनियोजन गरेकोमा रु ३९९७२०१९६ खर्च गरेको छ जुन ५२.१७ प्रतिशत मात्र हुन आउँछ।

## २३ त्रैमासिक पूजीगत खर्च

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २०८६२२१० | ३९९४५५ | ० | ४९५००० | १९९६७७५५ | १६५८७७५५ |
| २ | प्रदेश पूँजीगत | २९९७२२० | ० | ० | ८२५००० | २१७२२२० | २१७२२२० |
| ३ | गाउँपालिका पूँजीगत | ३७५८६०७६७ | ५१७६६९०० | २९७४२३३३ | ८५०६२१२८ | २०९२८९४०६ | ८०६१४१४३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल खर्च | ३९९७२०१९६.४६ | ५२१६६३५५.४५ | २९७४२३३२.६३ | ८६३८२१२७.९९ | २३१४२९३८०.३९ | ९९३७४११७.५६ |
| | खर्च प्रतिशत | १०० | १३ | ७ | २२ | ५८ | २५ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ५७.८९ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २४.८६ खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ

## २४ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | १२ | ४६११९२ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १६५ | ३०८५८९२९ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | १३५ | ६३५८७१९८ |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | १३८ | १२२६११०८४ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ६३ | १०८०५०००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १९ | १८५४००००० |
| | **जम्मा** | | **५१०९६८४०३** |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ

## २५ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| यातायात पूर्वाधार | ६३४३९९२८३ | ३५९९६०२४१ | ३६ |

| | | | |
|---|---|---|---|
| भवन,आवास तथा सहरी विकास | ८०५०८११३८ | २३६४७९ | २ |
| उर्जा | ८००००० | ० | ० |
| सम्पदा पूर्वाधार | १२००००० | ११९२५३९ | ० |
| पूर्ननिर्माण | ३९८००० | ३९३५१५ | ० |

## २६ भुक्तानी दिन बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्न नहुने र चालु बजेटले नखामेको खर्च व्यहोर्नु परेमा आगामि वर्ष भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी वाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत गरी महालेखा परीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले आ व २०७९।८० मा विभिन्न कारणले भुक्तानी हुन नसकेका आयोजना हरुका लागि रु ८ करोड ६९ लाख ८६ हजार र कार्यक्रम तथा अन्य विविध खर्चको रु ७ लाख ३६ हजार गरी जम्मा रकम रु ८ करोड ७७ लाख २२ हजार भुक्तानी वाँकीको कच्चावारीमा प्रविष्टी तथा प्रमाणित नगराई भुक्तानी दिएको देखिएकोमा छ ।सम्भव भएसम्म जुन आव को कार्यक्रम हो सोही आवमा नै सम्पन्न तथा भुक्तानी दिने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## २७ अवण्डा बजेट

पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.१५ करोड ८३ लाख ९१ हजार ८७७ बजेट अबण्डा राखी कार्यपालिकाको निर्णयबाट देहाए बमोजिम खर्च गरेको छ ।

| क स | कार्यक्रमको शिर्षक | अवण्डा बजेट रु | खर्च रु |
|---|---|---|---|
| १ | मागमा आधारित योजना ( कार्यपालिकाले अनुमोदन गर्नेगरी नगरप्रमुखको सिफारिसमा गर्ने ) | १५०००००० | १४९८०६९१ |
| २ | मागमा आधारित योजना ( कार्यपालिकाले अनुमोदन गर्नेगरी नगर उप - प्रमुखको सिफारिसमा गर्ने ) | १५०००००० | १४९१०४४४ |
| ३ | आर्थिक विकास | ३५३८८०८० | २५३३८२९९ |
| ४ | सामाजिक विकास | ७०८२९००० | ६२०१०८९८ |
| ५ | वन वातावरण र विपद | २२१७४७९७ | ३७७८८५१ |

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

## २८ सोधभर्ना लिन बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ तोकिएको कार्यक्रम तोकिएकै समयावधिमा कानुनको परिधि भित्र रही कार्यक्रम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ७५१।२०७९।१०।२६ बाट अन्य २ वटा भौचरबाट मृगौला डायलिसस, क्यान्सर, मुटुरोग र मेरुदण्ड पक्षघात भएका बिरामिहरुलाई संघीय सरकारबाट मासिक रुपमा दिइने ५००० भत्ता पालिकाको आन्तरीक स्रोतबाट भुक्तानी भई सोधभर्ना लिनुपर्ने रु ३९८०००० नलिएको हुँदा आगामि दिनमा यस्ता विषयमा पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## २९ आन्तरिक लेखापरिक्षण

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियममितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको महिना दिन भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकामा यस आर्थिक वर्षको बैशाख महिनादेखि आन्तरिक लेखापरीक्षकको पद रिक्त रहेको हुँदा यस बर्षको आर्थिक कारोबारको लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षण नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

## ३० सेवा प्रवाह

पालिकाले यस वर्ष उल्लेखित विषयमा ९८० जनालाई सेवा प्रवाह गरेको छ ।

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ३५९ |
| मृत्युदर्ता | १५९ |
| बसाईसराई दर्ता | २४२ |
| विवाह दर्ता | २०१ |
| सम्बन्धविच्छेद दर्ता | १९ |

## ३१ एकिकृत आर्थिक विवरण

आ.व. ०७९।०८० को पालिकाले दिएको एकिकृत आर्थिक विवरण देहाय वमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | | |
|---|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम | |
| १. | गत वर्षको जिम्मेवारी | | १. | चालु | ५८९९०४५३८ | |
| | संचितकोष खाता | ४८४९५२९४३ | २. | पूँजीगत | ३९९७२०१९६ | |
| २. | धरौटी | ९४५७७६२ | ३. | वित्तीय | १२५००००० | |
| | कोष खाता मौज्दात | | | | | |
| ३. | | | | | | |
| ४. | मालपोत पर्वपूजा | ८६००० | | | | |
| ५. | लैङ्गिक हिंसानिवारण कोष | २००००० | | | | |
| ६. | सडक बोर्ड | ५९००००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | विविध कोष खाता / कर्मचारी कल्याण कोष | ३६४६४३१४ | | | | |
| ८. | आकस्मिक कोष | १६८२८२३ | | | | |
| ९. | प्रकोप व्यवस्थापन कोष | १३६४७४८ | | | | |
| १०. | तुल्टीफाँट जग्गा एकिकरण आयोजना | ३९२९८१८ | | | | |
| ११. | काभ्रे खानेपानी धारा जडान कोष | २२५१३८० | | | | |
| १२. | संचित विदा कोष | ५०००० | | | | |
| १३. | उपचार खर्च कोष | ५०००० | | | | |
| १४. | महिला स्वा.स्व.से.अ. कोष | १९०००० | | | | |
| | आन्तरिक राजश्व आम्दानी | | ४. | धरौटी फिर्ता | ७७७७६६५ | |
| | आन्तरिक राजश्व | ८७८४३४१६ | | कोष खर्च | | |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ३८१३३७५२ | | मालपोत पर्वपूजा | ० | |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७७६१०८०३ | | लैङ्गिक हिंसानिवारण कोष | ० | |
| | राजश्व बाँडफाँड स्थानीय | १२४३६७३२९ | | सडक बोर्ड | ३४७८०६० | |
| | अन्य आय | ५०८८५३८ | ५. | विविध कोष खाता / कर्मचारी कल्याण कोष | ४२०९८६६० | |
| १५. | संघीय सरकारबाट प्राप्त अनुदान | | | आकस्मिक कोष | ९६५१३४ | |
| | वित्तीय समानिकरण अनुदान | १७०१०७५०० | | प्रकोप व्यवस्थापन कोष | ५४५८०२ | |
| | सशर्त अनुदान | ३१२७४८४०१ | | तुल्टीफाँट जग्गा एकिकरण आयोजना | ० | |
| | समपुरक अनुदान | ७७३९०८० | | काभ्रे खानेपानी धारा जडान कोष | ० | |
| | विशेष अनुदान | १२०६१५९४ | | संचित विदा कोष | ० | |
| १६. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | उपचार खर्च कोष | ० | |
| | वित्तीय समानिकरण अनुदान | १८११९००० | | महिला स्वा.स्व.से.अ. कोष | ० | |
| | सशर्त अनुदान | ६६५०१४३ | | | | |
| | समपुरक अनुदान | १४०५२२०१ | | | | |
| | विशेष अनुदान | ५००००० | | | | |
| १७. | विषयगत निकायबाट प्राप्त रकम | | | | | |
| | सडक बोर्ड नेपाल | १९४४९३४ | | | | |
| | जिल्ला समन्वय समिति | ५६२९९४२ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८. | विभिन्न कोष तर्फको आय | | | मौज्दात | | |
| | धरौटी | १६२१७७७३ | | बैंक मौज्दात | ३६५४२४८४१ | |
| | विविध खर्च खाता | | | धरौटी मौज्दात | १७८९७८६९ | |
| | मालपोत पर्वपूजा | १५२००० | | विविध खर्च खाता | | |
| | लैङ्गिक हिंसानिवारण कोष | ० | | मालपोत पर्वपूजा | २३८००० | |
| | सडक बोर्ड | ८५७२७३९ | | लैङ्गिक हिंसानिवारण कोष | २००००० | |
| | विविध कोष खाता / कर्मचारी कल्याण कोष | १६१६३००० | | सडक बोर्ड | १०९९४६८० | |
| | आकस्मिक कोष | ० | | विविध कोष खाता / कर्मचारी कल्याण कोष | १०५२८६५५ | |
| | प्रकोप व्यवस्थापन कोष | ४८०४५ | | आकस्मिक कोष | ७१७६८९ | |
| | तुल्टीफाँट जग्गा एकिकरण आयोजना | ० | | प्रकोप व्यवस्थापन कोष | ८६७०४१ | |
| | काभ्रे खानेपानी धारा जडान कोष | ० | | तुल्टीफाँट जग्गा एकिकरण आयोजना | ३९२९८१८ | |
| | संचित विदा कोष | १२१७२ | | काभ्रे खानेपानी धारा जडान कोष | २२५१३८० | |
| | उपचार खर्च कोष | १२१७२ | | संचित विदा कोष | ६२१७२ | |
| | महिला स्वा.स्व.से.अ. कोष | ४३५५२ | | उपचार खर्च कोष | ६२१७२ | |
| | | | | महिला स्वा.स्व.से.अ. कोष | ४३५५२ | |
| | **जम्मा** | **१४७०३९७९२५** | | | **१४७०३९७९२५** | |

## ३२ कानुन बेगरको समितिको बैठक भत्ता

कानुन बमोजिम गठित समितिको मात्र बैठक भत्ता वितरण गर्न सकिने व्यवस्था रहेको छ ।पालिकामा भएका स्रेस्ता को नमूना परिक्षण गर्दा निम्नानुसारका कानुन बेगर गठित समितिको बैठक भत्ता वितरण गरेको देखिएकोले यसरी नियम विपरीत का समितिलाई भुक्तानी गर्ने प्रवृत्तिको अन्त्य गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

| **गो भौ नं र मिति** | **बैठक** | **रकम** |
|---|---|---|
| १४७।८०।१।११ | रोजगार सेवा केन्द्र सञ्चालन बैठक | ५०००० |
| १०५७।१२।१२ | ब्रोड ब्याङक इन्टरनेट जडान सम्बन्धी बैठक | ४२००० |
| १०१२।२०७९।१२।५ | स्वास्थ्य जटिल रोग सिफारिस बैठक भत्ता | ३६००० |
| १००६।२०७९।१२।५ | बालअधिकार समिति | १७००० |

## ३३ सहभागि यातायात

कार्यसंचालन निर्देशिका,२०७७ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको लागि एकमुस्ट रु २०० र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु ५०० एकमुस्ट पाउने व्यबस्था उल्लेख छ ।पालिकाले विभिन्न कार्यक्रम संचालनमा सहभागीको यातायात खर्च कार्यक्रम अवधिको दैनिक रुपमा कार्यक्रम पिच्छे फरक फरक दरमा भुक्तानी गरेको देखियो।कार्यक्रम अवधिमा एकचोटी मात्र तोकिएको दरमा खर्च भुक्तानी गर्नु पर्नेमा निर्देशिका विपरित रु ५०० र रु १००० भुक्तानी भएको रकम मितव्ययि देखिएन।

## ३४ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसारको सोझै खरिद गरेको देखियो ।

| गो.भौ.नं र मिति | आपूर्तिकर्ता | विवरण | रकम |
|---|---|---|---|
| १३८।२०७९।०५।२८ | निरिजमा मेडिको सप्लायर्स | खोप सँग सम्वन्धित सामाग्रि | १४९१६० |
| १४३।२०७९।०५।२८ | बासुकि मेडिसिन सप्लायर्स | औसधि खरिद | ९९८७०० |
| १४२।०५।२८ | एस एम ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्रि खरिद | ९९५५७५।२० |
| १७८।२०७९।०५।२९ | एम एस प्रिन्टिङ सोलुसन | बजेट किताव छपाई | २६०६९१ |
| १८१।२०७९।०५।२९ | फाईन मल्टिप्रपोज कम्पनि प्रा. लि. | नयाँ स्वास्थ्य केन्द्रमा फर्निसिङ | ९९४४०० |
| ४२१।२०७९।०७।२२ | एलिस इन्टरप्राईजेज | सडक बत्ति जडान | ९१७७१८।४२ |
| ५७०।२०७९।०९।२० | रोयल प्रिन्टिङ प्रेस | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | १८४९२४ |
| ६१०।२०७९।०९।२० | श्री बृद्धि जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | ६२६७७७।१० |
| १२५५।२०८०।०१।२५ | श्री बृद्धि जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्रि खरिद | १११८७४ |
| १७९१।२०८०।०३।२३ | काभ्रे प्रिन्टिङ प्रेस | विद्यार्थिको डायरी छपाई | ४३२२२५ |
| १२८१।२०८०।०१।२० | बनेपा भेटेरिनरी ड्रग सप्लायरर्स | तरल नाईट्रोजन कन्टेनर खरिद | ४११००० |
| १२७९।२०८०।०१।२० | परफेक्ट प्रिन्टर्स | टिसर्ट छपाई | १६९५०० |
| २६८।०७९।६।१३ | भगवति सप्लयर्स एण्ड ट्रेडर्स | सडक वत्ति | ५३७४३९। |

| | | | |
|---|---|---|---|
| ५१५।०७९।८।२० | ब्लु ओभल इन्टरनेसनल प्रा ली | सडक वत्ती जडान | ९९८०१६। |
| ६८३।०७९।१०।५ | भगवति सप्लयर्स एण्ड ट्रेडर्स | सडक वत्ती जडान | १०९०१६। |
| ८२०।०७९।११।५ | भगवति सप्लयर्स एण्ड ट्रेडर्स | सडक वत्ती जडान | ३१३५१८। |
| १७०२।०८०।३।१९ | वालाजि लाइट्स एण्ड सेनेटरी | सडक वत्ती | ९०००४। |

## ३५ कार्यालय समयमा बैठक भत्ता

*.......... (प्रारम्भिक प्रतिवेदन उपर विभिन्न कर्मचारीहरुको कार्यालय समयमा बसेको बैठक भत्ता वापतको रकम असुल भएको आधारमा विभिन्न मितिको निर्णयबाट रु.१३,५०० सम्परीक्षण गरिएको ।)*

## ३६ बाह्य प्रशिक्षक भत्ता

अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक सरकारका तह अनुसार छुट्टा छुट्टै निर्धारण गरेको छ ।नगरपालिका स्तरमा अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ ले निर्धारण गरेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । यसरी तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुँदा पालिकालाई थप व्ययभार परेको देखिएको छ ।

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | शेशन | निर्धारित दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १२३२।८०।१।१२ | लैङ्गिक समानता तथा समाजिक समावेशि तालिम | नविन चन्द्र घिमिरे | ५ | १६०० | ३४०० | ७६५० |
| १३५५।८०।२।४ | विद्यमान कानुन सम्बन्धि तालिम | राजेन्द्र नेपाल | २ | १६०० | ३४०० | ३०६० |
| १३५५।८०।२।४ | विद्यमान कानुन सम्बन्धि तालिम | वसन्त आचार्य | २ | १६०० | ३४०० | ३०६० |
| १३५५।८०।२।४ | विद्यमान कानुन सम्बन्धि तालिम | लेखनाथ रेग्मी | २ | १६०० | ३४०० | ३०६० |
| १३५५।८०।२।४ | विद्यमान कानुन सम्बन्धि तालिम | मोहनराज भट्टराई | २ | १६०० | ३४०० | ३०६० |
| १७६४।८०।३। | समविकास तालिम | लालतारा अधिकारी | १ | १६०० | ३४०० | १५३० |
| १७६४।८०।३। | समविकास तालिम | भोजराज तिमल्सिना | ४ | १६०० | ३४०० | ६१२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७६४।८०।३। | समविकास तालिम | निर्मला काफ्ले | २ | १६०० | ३४०० | ३०६० |
| १७६४।८०।३। | समविकास तालिम | सुमित्रा चौलागाई | २ | १६०० | ३४०० | ३०६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | शम्भु कुमार वस्नेत | ४ | १६०० | ३४०० | ८१६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | मधुसुदन वाग्ले | २ | १६०० | ३४०० | ४०८० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | कुमार तिमल्सिना | ४ | १६०० | ३४०० | ८१६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | महेश कुवर | ४ | १६०० | ३४०० | ८१६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | रामशरण घिमीरे | ४ | १६०० | ३४०० | ८१६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | जयराम थापा | ४ | १६०० | ३४०० | ८१६० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | मधुसुदन वाग्ले | २ | १६०० | ३४०० | ४०८० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | लालतारा अधिकारी | २ | १६०० | ३४०० | ४०८० |

## ३७ अस्वभाविक बैठक भत्ता

पालिका अन्तर्गतका पांचौ तह देखि आठौ तह सम्मका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरेवापत ९ वटा बैठक बसि १७ जना सम्म कर्मचारीलाई रु ६१००० रकम भुक्तानी गरेको देखिएको छ । यसरी समिति भन्दा बाहिरका सदस्य तथा आवश्यकता भन्दा बढी बैठकको भत्ता भुक्तानी कार्य मितव्ययी नदेखिएकोले आवश्यकताको मूल्याङकन गरी र समितिका सदस्यलाई मात्र भत्ता भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ३८ कानुनी सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७६ ले स्थानिय तहको प्रमुख तथा उप प्रमुखको कानुनी सल्लाहकार सम्बन्धी कुनै सेवा सुविधाको बारेमा उल्लेख गरेको देखिदैन त्यसैगरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद पूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कार्यपालिकाको बैठकबाट निर्णय गरी नियम कानुनी सल्लाहकार नियुक्त गरी मासिक रु ३४७०० का दरले बार्षिक रुपमा जम्मा रकम रु ४६१४९० भुक्तानी गरेको देखिएको छ । यसरी ऐन कानुन विपरीत हुने गरी नियुक्त गरेको कानुनी सल्लाहकारलाई भुक्तानी गरेको तलव भत्ता तथा अन्य सेवा सुविधा नियम संगत नदेखिएको ।

**३९ आन्तरिक प्रशिक्षक भत्ता**

अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक सरकारका तह अनुसार छुट्टा छुट्टै निर्धारण गरेको छ । सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउने व्यवस्था रहेकोमा पालिकामा संचालित विभिन्न तालिममा तोकिएको भन्दा बढी दरमा प्रशिक्षक भत्ता भुक्तानी भएको देखिएकोले नर्म्स र कार्यविधिको पूर्णरुपमा पालना गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ ।

**४० कार्यक्रमको प्राथमिकता**

कार्यक्रम सञ्चालन गर्दा कुन कार्यक्रम सञ्चालन गर्न लागिएको हो सो कार्यक्रमलाई प्राथमिकतामा राखेरसञ्चालन गर्नु पर्ने हुन्छ। पालिकाले युवा प्रतिभा पहिचान कार्यक्रमको गो. भौ. नं. ५४ मिति २०७९।०५।१२ बाट कुल बजेट रु ५०००० मध्ये बैठक भत्तामा रु ३००० खाजा खर्च मा रु १००० मुल्याङ्कन पारिश्रमिक मा ३००० स्टेस्नरी मा १००० र पुरस्कारमा ६००० खर्च गरेको यसरी प्रतिभा पहिचान भन्दा पनि कर्मचारीको बैठक भत्तामा बजेट खर्च गरेको देखिएकोले जुन उद्देश्यको कार्यक्रम छ सोही अनुरुप बजेटको खर्च तथा व्यवस्थापन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

**४१ प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं १७७६ मिति २०८०।०३।२२ कार्यक्रम सम्पन्न भएपश्चात उक्त कार्यक्रमको लागत सहभागि संख्या सञ्चालित कार्यक्रम पुरस्कार वितरण र प्रमाणपत्र आदीलाई समेटेर प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाको वडा नं ६ मा संचालित मेयरकप फुटवल प्रतियोगितामा रकम रु ८००००० भुक्तानी भएकोमा विल मात्र पेश भएको र उक्त कार्यको लागत अनुमान कार्यसम्पन प्रतिवेदन पेश नभएकोले उक्त कार्यको लागत अनुमान कार्यसम्पन प्रतिवेदन प्रमाण पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

**४२ अनुगमन भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा पदाधिकारीहरुले कार्यक्रम अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था नभएको देखिन्छ ।कर्मचारीको हकमा भ्रमण खर्च नियमावलि २०६४ को नियम ७ उपनियम ८ मा काठमाण्डौ उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ ।पालिकाले पालिका स्तरमा नै सञ्चालन भएका सेमिनार गोष्ठी तथा तालिमको अनुगमन भनी निम्नानुसारका गोश्वरा भौचर र पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गरेको देखिएको छ ।कानुन विपरित भुक्तानी गरेको अनुगमन भत्ता नियम संगत नदेखिएको रु

| गो भौ नं र मिति | कार्यक्रम | अनुगमनकर्ता | रकम कर बाहेक |
|---|---|---|---|
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | विमला सापकोटा | ११०५० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | राजु प्र श्रेष्ठ | ११०५० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | सविता सापकोटा | ११०५० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | शिव प्रसाद हुमेगाई | ५१०० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | कल्पना दमाई | ५९५० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | शोभा घिमिरे | ६८०० |
| १८४०।८०।३।३१ | विद्यमान कानुन साक्षरता सम्वन्धि तालिम | शान्ति रत्न शाक्य | ८५० |

| | |
|---|---|
| अनियमित भएको | ५१,८५० |

४३ **अनुदान**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| **क स** | **अनुदानको क्षेत्र** | **कार्यक्रम संख्या** | **अनुदान रकम** |
|---|---|---|---|
| १ | कृषि तर्फ | ७ | ४८५०००० |
| २ | पशु तर्फ | ४ | ३०००००० |

उपरोक्त विवरण अनुसार पालिकाले अनुदान वितरण गरेको छ ।

४४ **शिक्षा तर्फ**

४४.१ प्रति विद्यार्थी लागत — पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकारबाट हस्तान्तरित | २६८२०००००० | २६१६६८७३०.६ | ५४२५ | ४३१०५ |
| प्रदेश सरकारबाट हस्तान्तरित | १९६५९६०.३३ | १९६५९६०.३३ | | |
| स्थानीय तहको बजेट | २८०००००० | २०२१००४८.२६ | | |
| जम्मा | २९८१६५९६०.३ | २८३८४४७३९.१९ | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ४३१०५ रहेको छ ।

४४.२ दरबन्दी र पदपुर्तीः आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका ३१ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| **विद्यालयको किसिम** | **दरबन्दी संख्या** | **स्थायी पदपूर्ती** | **पदपूर्ती मध्ये राहत/करार** | **रिक्त दरबन्दी** |
|---|---|---|---|---|
| सामुदायिक | २६२ | २६२(७ अस्थायी समेत) | ८६ | नभएको |

उक्त विवरण अनुसार पालिकामा जम्मा २६२ दरबन्दी रहेकोमा २६२ जना स्थायी पदपूर्ती र ८६ जना राहत/करारमा नियुक्त गरी जम्मा २६२ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि ० पद रिक्त रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४४.३ संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| **क स** | **विद्यालय नाम** | **शिक्षक संख्या** | **विद्यार्थी संख्या** | **शिक्षक संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| 1 | सबै सामुदायिक | ३६१ | ५३८२ | ३६१ | १४.९१ |

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १४.९१ रहेको छ ।

४४.४ **सामाजिक परिक्षणः**

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर विद्यालयहरुले सामाजिक परीक्षण पेश नगरेको रकमको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.७०,००० सम्परीक्षण गरिएको ।)*

४४. **असुलः**

५ ✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर अनुगमन कार्य वापत दोहोरो भत्ता असुल भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.७,६५० सम्परीक्षण गरिएको ।)*

४४. **विद्यालय र विधार्थी संख्या**

६ पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३० | ५४२५ |
| २ | संस्थागत विद्यालय | ४५ | १८८३ |
| | **जम्मा** | | २३८०८ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या २३८०८ रहेकोमा २२.७९ प्रतिशत सामुदायिक र ७७.२१ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

४४. **शैक्षिक गुणस्तर**

७ बनेपा नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा ३६९ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क.स. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | २६८ | २६३ | ५ | ९८.१३ | १.८७ |
| २ | ३.२१ - ३.६० | ५९८ | ५७४ | २४ | ९५.९९ | ४.०१ |
| | **जम्मा** | ८६६ | ८३७ | २९ | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने २६८ विधार्थी मध्ये ५ जना, ३.२१ - ३.६० जिपिए ल्याउने ५९८ विधार्थी मध्ये २४ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

४४. **पाठ्यपुस्तक**

८ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।८० को बुँदा नं ३(१) मा प्रति विद्यार्थी लागत का आधारमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान को व्यवस्था गरेको छ । सोको लागत रकम पाठ्यक्रम विकास केन्द्र को दररेट अनुसार हुने कुरा उल्लेख छ । पालिकाले यस बर्ष जम्मा ३० वटा विद्यालयलाई कुल रकम रु ३१३८५१८ निकासा गरेको देखिएको छ ।सो मध्ये केहि विद्यालयको

नमूना परीक्षण गर्दा बढी निकासा भएको देखिएको छ । उक्त विषयमा पालिका स्वयमले नै छानविन गरी बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु

| क स | विद्यालयको नाम | बढी निकासा रकम |
|---|---|---|
| १ | सपनेश्वर मा वि | २१५२४ |
| २ | श्वेत बराह मावि | १४४२७ |
| ३ | रत्न चण्डेश्वरी मा वि | २०९३५ |
| ४ | अरुणोद्धय मावि | २०६७५ |
| ५ | शुभ चामुण्डा मावि | १३९५२ |
| ६ | प्रभात आ वि | २३७०२ |
| ७ | देविटार आ वि | २७०५ |
| ८ | चण्डेश्वरी मा वि | २७५७९ |
| ९ | शिक्षा सदन मा वि | १६६७० |
| १० | चैत्यन्य मा वि | १४५८९ |
| ११ | जनज्योती मा वि | ३५५०० |
| १२ | सुन्दरी माई आ वि | ७६६५ |
| १३ | गणेश भारती मा वि | १३७६४ |
| १४ | चक्र ज्योती मा वि | ६८१४ |
| १५ | जागृति आ वि | २५३६२ |
| १६ | नैमिषारण्य संस्कृत गुरुकुलम | ९१९६ |

| असुल गर्नुपर्ने | २,७५,०५९ |
|---|---|

४४. **दोहोरो अनुगमन भत्ता**

९ एउटै कार्यक्रममा एकै व्यक्तिलाई दोहोरो पर्ने गरी भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतको SEE परीक्षा अनुगमन वापत एकै दिन फागुन २६ गते चैतन्य मा.वि, शिक्षा सदन मा.वि, हिमालय मा.वि, आजाद मा.वि.मा अनुगमन गरे वापत गो भौ नं १७९५।७९।३।२३ वाट शिव प्रसाद हुमेगाईलाई रु.१०००।- का दरले सख्या ६ वटाको रु.४२५० भत्ता वितरण गरेको देखिएकोले एकै दिनमा एक भन्दा बढी भत्ता वितरण भएको रकम असुल हुनु पर्ने रु

***(प्रारम्भिक प्रतिवेदन उपर अनुगमन कार्य वापत दोहोरो अनुगमन भत्ता असुल भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.१७,००० सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ४,२५० |
|---|---|

४४. **सेनेटरी प्याड**

१० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु

तथा आवश्यकतानुसार अन्य कक्षाका छात्रालाई निशुल्क सेनेटरी प्याड व्यबस्थापनका लागि विद्यालय स्वमले नै नै सेनेटरी प्याड खरिद गरी बिल भरपाई पालिकामा पेश गरी सकेपश्चात २५ वटा विद्यालयका १६८० जना छात्रालाई प्रति छात्रा रु ८७७ दरले जम्मा रु १४७३३६० अनुदान दिएको छ ।

४४. **प्रमाण पेश**

११ ……….. ***(प्रारम्भिक प्रतिवेदन उपर शैक्षिक तथ्यांक तयारी वापतको रकम प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.१,०२,००० सम्परीक्षण गरिएको ।)***

४५ **प्रविधि हस्तान्तरण**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्रहीले कुल मुल्यको २० प्रतिशत बराबर को रकम मा सहभागिता गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष ५लाख ९७ हजार पाँच सय १० बराबरको ३ जना उद्यमी र ३ वटा समूहलाई प्रविधि हस्तान्तरण गरेकोमा लागत सहभागिताको हिस्सा पुष्टि गर्ने प्रमाणहरु पेश हुन नआएकोले पालिकाले यस्ता कार्यक्रम सञ्चालन गर्दा लाभग्रहीको हिस्सा सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान जानु जरुरी छ साथै लाभग्राहीको हिस्सा पुष्टि हुने प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,४०० |

४६ **सहकारी संस्था तर्फ**

४६. पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

१

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु** | **बचत रु** | **ऋण लगानी रु** | **जगेडा कोष** |
|---|---|---|---|---|---|---|
| वचत तथा कृण सहकारी संस्था लि. | ९५ | ६०४७४ | ६०१६०४१२० | ४७०३३९९१५८ | ४६९६०७७६१८ | २९९२३४१८० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १३ | १०५४५ | १३३०१५४९२ | ७०११३४०३० | ६३५३५४९२५ | ३६०१०५३६ |
| कृषि सहकारी संस्था लि. | ११ | ७६५७ | २२९८३६३२ | १९९०१२९७५ | ४३३१३७४२८ | ८०६१८२४४ |
| अन्य | २ | २५० | २३४२४०० | ४३९२२४० | ६४५३९७६ | २७१०५१ |
| **जम्माः** | **१२१** | **७८९२६** | **७५९९४५६४४** | **५६०७९३८४०३** | **५७७१०२३९४७** | **४१६१३४०११** |

४६.२ पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु |
|---|---|---|
| २०० | १२१ | अनुगमन भएका १३० सहकारीमा ९ वटा सहकारीको विवरण नै नपाइएको, प्रदेश स्तरको कार्यक्षेत्र भएको । |
| | | २२० सहकारी मध्ये अनुगमनका क्रममा सम्पर्कमा नआएका, कार्यक्षेत्र प्रदेश स्तरको बनाएका, एकिकरण भएका कारण जम्मा १२१ सहकारीको अनुगमन भएको |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि नियमित रुपमा सहकारी संस्थाहरुको सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

**४७ प्रधानमन्त्री रोजगार कार्यक्रम**

बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम र ४० दिन सम्म बर्ष भरीमा रोजगारी दिने उद्देश्यले युवा रोजगारीका लागि रुपान्तरण कार्यक्रम सञ्चालनमा ल्याएको हो ।पालिकाले आर्थिक वर्ष २०७९।८० मा ११५ जनालाई रकम रु ३७६०००० खर्च गरी ३१ वटा कार्यक्रम सञ्चालन गरी न्युनतम ४० दिन र अधिकतम ९० दिन र औषत मा ६६ सम्म को रोजगारी सिर्जना गरेको देखिएको छ।रोजगारी दिएका मध्ये अधिकांश रोजगारी बाटो,सरसफाई नालि तथा ढल सरसफाई र रिचार्ज पोखरी निर्माण जस्ता कार्य बापत भुक्तानी दिएको देखिन्छ । यस्ता कार्यक्रम भन्दा वातावरणिय र भविष्यमा दिगोपना आउने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

**४८ दोहोरो भत्ता**

***........... (प्रारम्भिक प्रतिवेदन उपर दोहोरो भत्ता वापतको रकम असुल भएको आधारमा मिति २०८१।१।३१ को निर्णयबाट रु.१,७०० सम्परीक्षण गरिएको ।)***

**४९ अनुदानको प्रयोग अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ।

**५० जात्रापर्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका जात्रा पर्व महोत्सव जस्ता कार्यक्रम संचालन गरे वापत खर्च गरेको देखिएको । यसरी सञ्चालित अधिकांश कार्यक्रमहरु योजना विना नै नगर प्रमुखको तोक आदेशका भरमा खर्च गरेको देखिएको छ । जात्राका लागि संलग्न सम्पूर्ण निकायको भूमिका तथा आर्थिक / गैर आर्थिक लगानी सम्बन्धमा स्पष्ट भई कार्यविभाजन गर्नुपर्ने देखिन्छ । तोकिएको कार्य सम्बन्धित निकायले गरी एकद्वार प्रणाली अपनाई खर्च तथा काम दोहोरो नपर्ने व्यवस्था गराई कला संस्कृतिको जगेर्नाका साथ साथै सो सँग सम्बन्धित व्यापार, व्यवसाय, पर्यटन तथा पार्किङ लगायतका क्षेत्रबाट पालिका तथा पालिकावासीको आयमा समेत योगदान हुन सक्ने गरी योजनाबद्ध रुपमा कार्य गर्नु उपयुक्त हुने देखिन्छ । आगामि दिनमा सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

## ५१ स्वास्थ्यतर्फ

५१.१ पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | १ | २४ | १५ | ५०८८ | २६२७४५२ |
| स्वास्थ्य केन्द्र/चौकी | १४ | ७४ | ५८ | ३९०९१ | |
| स्वास्थ्य शाखा | १ | ५ | ५ | ० | |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल र १४ स्वास्थ्य केन्द्र/चौकीमा कुल १०३ दरबन्दी रहेकोमा हाल ७८ पद पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

५१.२ स्थानीय तह स्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पताल लगायतका स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथास्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुदृढिकरणका लागि (Minimum Service Standard- MSS) सुधारका लागि स्वास्थ्य संस्था (स्वा. चौ) लाई अनुदान प्रदान गर्न भनी न्यूनतम सेवा मापदण्ड शिर्षकमा बजेट रु २५०००० (रुपैयाँ लाख) विनियोजित गरेको पाइयो। प्रत्येक स्वास्थ्य चौकीलाई न्युनतम सेवा मापदण्ड सुधारको लागि कार्ययोजना कार्यान्वयन गर्न रु ५०००० का दरले २०८०/०१/०३ मा देहाय अनुसार ५ वटा स्वास्थ्य चौकीको नाममा सोझै भुक्तानी दिएको देखियो। पालिकाले उपलब्ध गराएको अनुदानको उपयोगिता पुष्ट्याईं हुने न्यूनतम सेवा मापदण्डको स्वमूल्यांकन वा संयुक्त मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा देखिएका चुनौतिको समाधानका लागी बनाईएका कार्य योजनाको अभिलेख सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले पेश गर्नुपर्ने रू

| सि न | नाम | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | टुकुचा नाला स्वास्थ्य चौकी वडा २ | ५०००० |
| २ | नाला स्वा चो स्वा समिति वडा ४ | ५०००० |
| ३ | उग्रतारा जनागाल स्वा चौ वडा १० | ५०००० |
| ४ | महेन्द्रज्योति स्वा चौ वडा १२ | ५०००० |
| ५ | साँगा स्वा चौ वडा १४ | ५०००० |
| **जम्मा** | | **२५००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

५१. **औषधि खरिद**

३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर विभिन्न गोश्वार भौचर र मितिबाट सोझै तथा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गरी रु. ७५०३११ को औषधि, खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

• आधारभुत स्वास्थ्य सेवामा आधारित स्तरिय उपचार पद्धति ( स्ट्यान्डर्ड ट्रिटमेन्ट प्रोटोकल ) अनुसार आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला र प्रादेशिक अस्पतालबाट ९८ प्रकारका औषधि २४ सै घन्टा निःशुल्क उपलव्ध हुनुपर्ने व्यवस्था रहेको छ । त्यसैगरि विभाग, मन्त्रालय तथा जिल्ला स्थित जनस्वास्थ्य कार्यालय लगायत तालुक निकायबाट पनि निःशुल्क वितरणका लागि औषधि तथा औषधिजन्य सामाग्री पालिकाहरुलाई हस्तान्तरण गरेको पाइयो । पालिकाहरुले यसरी प्राप्त गरेका कतिपय औषधिको अभिलेख अद्यावधिक नराखेकोले यस आ.व. मा के कति औषधि प्राप्ती तथा खरिद भयो, के कति वितरण गरियो साथै मौज्दातको रेकर्ड सोही अनुसार नभएकोले यकिन गर्न सक्ने अवस्था रहेन ।

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधि डव्लु एच ओ सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी

अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५१. **असुलः**

४ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर विभिन्न कर्मचारीहरुले वार्षिक समिक्षा गोष्ठी अनुगमन वापतको रकम असुल भएको आधारमा मिति २०८१।१।३१ को निर्णयबाट रु.१७,००० सम्परीक्षण गरिएको ।)***

५१. **शिरमेमोरियललाई भुक्तानीः**

५ सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन को लागि पालिका र अस्पतालबीच भएको सम्झोता बमोजिम बर्षभरिमा सुरक्षित मातृत्व सेवा २१८३ जनालाई वापत रु १२७१९९०० रकम भुक्तानी गरेको छ । उक्त अस्पताल मा सेवा प्राप्त गरेका विरामीहरुले निशुल्क रुपमा सेवा प्राप्त गरे नगरेको विषयमा पालिका स्वयम को ध्यान जानु जरुरी देखिन्छ ।

५२ **एक विद्यालय एक नर्स कार्यक्रम**

बागमति प्रदेशको प्रदेश स्वास्थ्य ऐन, २०७५को दफा ८५ ले दिएको अधिकार बमोजिम प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा मिति २०७९।२।५ मा जारी गरिएको एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन ( पहिलो संशोधन ) कार्यविधि, २०७९ को दफा २ बमोजिम स्थानीय तहले विद्यालय नर्सको तलब, पोशाक, चाडपर्व खर्च विद्यालयको चालु खातामा प्रदान गर्न सक्ने र सम्बन्धित विद्यालयको चालु खातामा पठाएको अवस्थामा सो को सक्कलै बिल भरपाई भने विद्यालयले स्थानीय तहलाई उपलब्ध गराउनुपर्नेछ । एक विद्यालय एक नर्स कार्यक्रमका लागि तलब बापत चार विद्यालयलाई प्रति विद्यालय प्रदेशबाट करारमा खटाइएका नर्सहरुलाई चाडपर्व खर्च समेत पारिश्रमिक भुक्तानीका लागि निम्नबमोजिम जम्मा रु.१८१५२२१।०० विद्यालय खातामा जम्मा गरिएकोमा नर्सहरुले पारिश्रमिक बुझेको वा निजको खातामा रकम जम्मा भएको देखिने प्रमाण समावेश नगरेकाले सो पेश गर्नुपर्ने रु

| विद्यालय | रकम रु |
|---|---|
| हिमालय मा वि | ४५१४९०।०० |
| चण्डेश्वरी मा वि | ४५१४९०।०० |
| शिक्षा सदन मा वि | ४५१४९०।०० |
| श्वेतबराह मा वि | ४५१४९०।०० |
| शुभ चामुण्डा मा वि | ९२६१।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१५,२२१ |

## ५३ परामर्श सेवा

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायले अफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसंगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा कुनै व्यक्ती फर्म संस्था वा कम्पनी बाट सेवा खरीद गर्न सक्ने व्यवस्था रहेको छ । परामर्शदाता बाट प्राप्त रिर्पोट तथा प्रतिवेदन निकायका सम्पति हुने हुँनाले दाखिला गरी राख्नु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत)३ वटा कार्यको लागि

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु ३०२२५६९.२ भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | जनागाल वृहत डिपबोरिङको लागि डिपिआर | सद्भभाव इन्जिनियरिङ नेपाल प्रा.लि. | ४९६२५६.४५ | ४९४६१२.३० | ०.३३ | कोटेशन |
| २ | Structural, Electrical & Schitory Analysis | आदी इन्जिनियरिङ सर्भिस प्रा.लि. | ९९५२९२.१९ | ५३२७३८.५० | ४६.५ | सुची दर्ता गरि |
| ३ | नक्शा डिजिटलाइजेशन | नब्य टेक्नोलोजी प्रा. लि. | १९९९४४०.४६ | १९९५२१८.४० | ०.२१ | Cost & Quantity based TOR and RFDआव 2080/81 मा भुक्तानी भएको |
| जम्मा | | | ३४९०९८९.२३ | ३०२२५६९.२ | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष परामर्श सेवा लगायतका कार्यमा कोटेशन र Direct Consultation विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु ३४९०९८९.२३ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु १०२७३५०.८ भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा १३ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ५४ सडक बत्ति जडान तथा मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र आवश्यक कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले आफ्नो क्षेत्र भित्रका सडक बत्ति मर्मत नयाँ जडान तथा व्यवस्थापन कार्यका लागि विभिन्न

मिति र गोश्वारा भौचरबाट बर्षभरिमा रु ४९६०४१२ खर्च भएको देखिएको छ । तर त्यो भुक्तानी मा कुन कार्य कुन स्थानमा सम्पन्न भयो सो कुरालाई पुष्टाई गर्ने प्राविधिक जाँचपास सहिको मूल्याङकन पेश गरेको देखिदैन। सम्पन्न भएका कार्य पुष्टाई गर्ने प्राविधिक नापजाँच तथा मूल्याङकनको प्रमाण पश्चात मात्रै भुक्तानी दिनुपर्ने देखिन्छ ।

## ५५ अन्तर निकाय समन्वय

आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली २०७७ को नियम २६ (६) मा प्रदेश तथा स्थानिय तहमा कार्यान्वयन गरिने योजनाको पहिचान, वर्गीकरण, छनौट तथा प्राथमिकीकरण गरी योजनाको स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले योजना छनौट गर्दाखेरी विकास आयोजनाको वजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक वातावरणीय तथा प्रशासकिय उपर्युक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बिचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्ला स्तरीय आयोजना अनुसुची ३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यन्वयन गर्नुको लागि विस्तृत सर्वेक्षण ड्रोईङ्ग, डिजाईन, लागत अनुमान र सो अनुसार बार्षिक कार्यक्रम निश्चित गरि बार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम सञ्चालन गर्ने निकाय बिच समन्वय नहुँदा एउटै स्थानमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुन सक्ने अवस्था रहन्छ। यसका लागि स्पष्ट रुपमा कार्यविभाजन गरी काममा हुनसक्ने दोहोरोपनालाई नियन्त्रण गरिनु पर्दछ।

## ५६ श्रोत सुनिश्चितता

आयोजना सम्पन्न गर्न लाग्ने अवधि समयावधि तथा लागत आधारमा बार्षिक लक्ष्य निर्धाण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात आयोजना सञ्चालन गर्नुपर्ने व्यस्था रहेको छ । कार्यालय अन्तर्गत सञ्चालित अधिकाँश आयोजना सम्पन्न हुन लाग्ने अवधि कुल लागत तथा वर्षिक लक्ष्य निर्धारण एंव बजेट विनियोजन बिच सामन्जस्यता रहेको देखिएन । तसर्थ योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा योजनाबाट तोकिएको समयमा अपेक्षित लाग्ने लाभ लागतको विश्लेषण गरी प्रतिफल केन्द्रित योजना सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ५७ कोठाउ चोक देखि वडा कार्यालय सम्म सडक पिच उ स

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा १८६।०७९।८।१८ कोठाउ चोक देखि वडा कार्यालय सम्म सडक पिच गर्ने कार्यमा कार्यसम्पन्न पश्चात भुक्तानी दिनुपर्ने रकम भन्दा बढी भुक्तानी भएको रकम रु ३८४०० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,४०० |

## ५८ कालेको बाझो ठूलोधारा सडक

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित

सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा कार्यसम्पन्न अनुसार चाहिने लुज ग्रावेल ६२० घनमिटरमा उपभोक्ता समितिले जम्मा ४९० घनमिटर मात्र खरिद गरेको बिल भर्पाई पेश भएको हुँदा नपुग बिल भरपाईबाट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९९,२७८ |

## ५९ संघ विशेष अनुदानतर्फ

विशेष अनुदान सम्बन्धी व्यवस्था गर्न विशेष अनदुान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ रहेको छ । जसअनुसार दर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिने खानेपानी आपूर्तिसम्बन्धी आयोजना/कार्यक्रम का लागि विशेष अनुदान माग गर्न सकिने व्यवस्था छ । सो कार्यविधिको दफा ६ को बुँदा (ज) मा एक आर्थिक वर्ष भन्दा बढी अवधिको आयोजना/कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण र वार्षिक अपेक्षित भौतिक प्रगतिको विवरणसमेत पेश गरी योजनाको माग गर्नुपर्ने उल्लेख छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विशेष अनुदानतर्फ जनागाल वृहत खानेपानी आयोजनामा रु.१००००००००।०० र जनागाल वृहत पम्पिङ खानेपानी वितरण आयोजनामा रु.२५००००००।०० गरी दुई आयोजनाका लागि फरक फरक बजेट विनियोजन भएकोमा एकमुष्ठ लागत अनुमान रु.३४९९३९२५।२९ तयार गरी एकै ठेक्का लगाएको छ र मिति २०८०।२।१७ मा एच आर बि कन्स्ट्रक्सन प्रा लि भक्तपुरसँग पालिकाले रु.३२९८७५७१।५१ को सम्झौता गरेको छ ।

५९.१ उक्त आयोजनाको पानीको श्रोतका लागि ड्रिलिङका लागि उपयुक्त लोकेशनका लागि डि पि आर भने बल्ल 2023 January मा बनाई पेश भएको देखिन्छ । पूर्व तयारीको कार्य सम्पन्न नहुँदै आयोजनामा बजेट विनियोजन भएको देखिन्छ । उपभोक्ता संस्थाको कार्यालय, सेप्टिक ट्यांक र सोक पिट, पम्प घर, पानी ट्यांकी, भल्भ च्याम्बर र पाइप लाइनका संरचनाहरु निर्माण गर्ने गरी सम्पन्न गर्ने अवधि २०८० मंसिर सम्मका लागि तोकी मिति २०८०।२।१८मा कार्यदिश दिएको देखिन्छ । सो आयोजनाका लागि आ व २०७९।८० मा रु.५८०००००।०० पेश्की समेत जम्मा रु.१,७७,६३,००५।०० खर्च भएको देखिन्छ । बाँकि काम आर्थिक वर्ष २०८०।८१ मा सम्पन्न गर्नुपर्ने भएकाले पालिकातर्फ भार सरेको देखिन्छ । यसरी आर्थिक वर्ष सकिने बेलामा कार्य शुरु गरेकाले अर्को आर्थिक वर्षको लागि श्रोत सुनिश्चितता नभई गरेको कार्यले पालिकालाई अर्को आर्थिक वर्षका लागि दायित्व सिर्जना गर्ने काम गरेको छ । संघबाट प्राप्त बजेट उपयोग गर्न नसकी एक आर्थिक वर्षको काम अर्को आर्थिक वर्षमा सारी दायित्व सिर्जना गर्ने कार्य उपयुक्त नभएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

५९.२ त्यस्तै, पालिकातर्फ आ व २०७७।७८ को सोही योजनाका लागि भएको कामको लागि बास्डोल निर्माण सेवा एण्ड सप्लायर्ससँग मिति २०७८।१।१३ मा सम्झौता भएको देखिन्छ । उक्त काम मिति २०७९।९।२४ मा सम्पन्न भएको देखिन्छ । वडा नं १० ले सो योजना सम्पन्न भएको भनी सिफारिस गरेको देखिन्छ । दर्ता नं २४२० मिति २०७९।९।२४ को निर्माण व्यवसायीले पठाएको पत्र मार्फत उक्त योजनाको पहिलो फेजको कार्य सम्पादनको जिम्मेवारी पाएको निर्माण व्यवसायी फर्मबाट सम्पादन भएको डिप बोरिङ र सो मा जडित मिसिनमा समस्या आएका कारण हाल हामीबाट सम्पादन भएको कार्यको प्रेसर परीक्षणको काम सम्पन्न हुन नसके पनि हामीले लागत अनुमान र सम्झौता बमोजिम कार्यसम्पादन गरी सकेको हुँदा भुक्तानी पाउँ भनी उल्लेख गरी रु.६८२७७५८।५० भुक्तानी माग गरेको छ र सोहि बमोजिम

भुक्तानी समेत भएको देखिन्छ । यसरी निर्मित संरचनाको गुणस्तर तथा पूर्णता परीक्षण नै नगरी भुक्तानी गर्दा भएको कामको जिम्मेवारी स्थापित गर्न सम्भव नहुने देखिन्छ । एकै संरचनाको केही अंश एक व्यवसायीले तथा बाँकि अंश अर्को व्यवसायीले सम्पन्न गर्ने गरी सालबसाली फरक फरक ठेक्का मार्फत काम गर्दा निर्माण कार्य अधुरो हुने तथा पूरा भएमा पनि सम्पन्न भईसक्दासम्ममा केही समस्या देखिएमा अघिल्लो कार्यको DLP समाप्त भईसक्ने र पछिल्लो निर्माण कार्यमा पनि अघिल्लो निर्माणको गुणस्तर लगायतका समस्याले प्रभाव पार्न सक्ने हुनाले जवाफदेही बनाउन नसकिने र राज्यको लगानी जोखिममा पर्ने प्रबल संभावना हुन्छ । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

## ६० प्रदेश विशेष अनुदा

बागमती प्रदेशको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ८ मा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना जुन आर्थिक वर्षको लागि स्वीकृत भएको हो सोहि आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्नेछ । तोकिएको समयभित्र आयोजना सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना स्थनीय तहले आफ्नै श्रोतबाट सम्पन्न गर्नुपर्नेछ । बागमति प्रदेशबाट विशेष अनुदान प्राप्त गरी बजेट रु. विनियोजन गरिएको नाला बजार खानेपानी आयोजना, बनेपा ४ का लागि लागत अनुमान कर समेत रु.७५००३५९।५५ को तयार भई मिति २०८०।१।२२ मा नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको छ । सो पश्चात ठेक्का प्रक्रिया पूरा गरी मिति २०८०।३।१३ मा २०८०।६।३० सम्मको म्याद राखी निर्माण व्यवसायीसँग रु ५८,६०,८२९।८० को सम्झौता गरेको देखिन्छ । सो सम्झौताका लागि आ व २०७९।८० मा पेश्की स्वरुप रु.५०००००।०० मात्र भुक्तानी भएको छ । यसरी आर्थिक वर्षको अन्त्यमा ठेक्का प्रक्रिया शुरु गरी सो आर्थिक वर्ष नघाएर सम्झौता गर्दा प्रदेशबाट प्राप्त श्रोत उपयोग नभई नभई दायित्व अर्को आ व मा सरी पालिकालाई नै आर्थिक भार बढ्ने देखिएकाले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्ने देखिन्छ।

## ६१ नियम संगत नदेखिएको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले स्वीकृत दरमा नापी किताव अनुसार तयार गरिएको कार्यस्वीकार प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गौ.भौ.न १३२।०७९।६।१३ वाट वासुकि विकास उ स लाई शिव मुर्तिको भुक्तानी गर्दा स्टिमेटमा shiva statue with vat and fitting charge ६९८५०० स्विकृत गरेको र कार्य सम्पन्न प्रतिवेदनमा पनि सोहि वमोजिम पेश भएकोमा काजिस्टोन कार्भिङ्गको विल नं००१।०७९।६।५ वाट शिवको ढुङ्गा मुर्ति १० फिट अग्लो ७००६०० भ्याटसहितको पेश भएको छ भने काठमाडौ क्रेन प्रा लि को विल ०१४।०७९।४।२९ वाट शिवको मुर्तिको क्रेन भाडा भनि भ्याट सहित रु७०००० भुक्तानी भएको देखिएकोले स्टिमेटमा भएको fitting charge सहित भनेको आइटमको दोहोरो भुक्तानी दिएको रकम नियम संगत नदेखिएको

| | |
|---|---|
| अनियमित भएको | ७०,००० |

६२ **असुल**

६२. **ह्युम पाइपः**

१ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा अम्विकास्थान कंम्पुगाल डुकामुख सडक निर्माण उपभोक्ता समितिको कार्य सम्पन्न मा ५ वटा ह्युम पाइप लाग्ने देखिएकोमा उ स ले पेश गरेको बिल भरपाई मा ४ वटा मात्र खरिदको बिल भएकोले खरिद नै नगरेको ह्युम पाईपमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,१९९ |

६२. २ **आनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा चन्द्रकिर्ति विहार पुननिर्माण उपभोक्ता समितिको कार्यसम्पन्न मूल्याङकन अनुसार भुक्तानी हुनु पर्ने रकम रु १७२३५३ मा कार्यालयबाट रु २००००० भुक्तानी भएकोले बढी भुक्तानी भफको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,६४७ |

६२. ३ **ग्वासिन्चामा फलबोट सडक तथा ढल नालि निर्माण उ स**

फलबोट सडक तथा ढल नालि निर्माण उ सः सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन अनुसार ढल निर्माण कार्यमा आवश्यक पर्ने पर्ने सिमेन्ट २५३ बोरा मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाईमा १८५ बोराको मात्र पेश गरेको हुँदा खरिद नै नगरेको सिमेन्टको भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८६८ |

६२. ४ **उपभोक्ता समितिलाई भुक्तानीः**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाका उपभोक्ता समिति तर्फका फाईल नमुना परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समितिको कार्यसम्पन्नमा भएको कामबमोजिमको सामाग्रीमा लाग्ने

मूल्य अभिवृद्दि कर भन्दा बढी रकमको मूल्यअभिवृद्दिका बिल पेश भई सोही बमोजिम भुक्तानी भएको देखिएकेले उक्त बिलहरुबाट भुक्तानी भएको भ्याट रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु

| गो भौ नं र मिति | उपभोक्ता समिति | रकम |
|---|---|---|
| ५३४।०८०।१।१७ | बाहुनडाँडा सामुदायिक भवन उपभोक्ता समिति | १५२५८ |
| ६३४।०८०।२।१० | बुद्दपार्क निर्माण उपभोक्ता समिति | १६८२० |
| ६७९।२०८०।२।२१ | १ नं वडा कार्यालय भवन निर्माण उ स | ५५९५ |
| ८५७।२०८०।३।१४ | गणेश पाटि निर्माण | ८५००६ |
| ७३१।०८०।२।२८ | कुँवर गाँउ खत्री गाँउ बाटो सुधार उपभोक्ता समिति | १९३२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,००७ |

## ६२. पुलारा चौतारा गोठडाँडा हुदै चतुरे सडकः

५ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गर्दा कार्यसम्पन मूल्याङकनमा एक्साभेटरले माटो खन्ने कार्य नभएकोमा बिल भरपाईमा एक्साभेटर २८ घण्टा प्रयोग गरी प्रति घणटा रु २२१३ का दरले भुक्तानी गरेको बिल संलग्न गरी भुक्तानी लिएको देखिएकोले असम्बन्धित बिलबाट भुक्तनी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,००० |

## ६३ जात्रा पर्व

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका जात्रा पर्व महोत्सव जस्ता कार्यक्रम संचालन गरे वापत रकम खर्च गरेको देखिन्छ । यसरी सञ्चालित अधिकांश कार्यक्रमहरु योजना विना नै नगर प्रमुखको तोक आदेशका भरमा खर्च गरेको देखिएको छ । जात्राका लागि संलग्न सम्पूर्ण निकायको भूमिका तथा आर्थिक / गैर आर्थिक लगानी सम्बन्धमा स्पष्ट भई कार्यविभाजन गर्नुपर्ने देखिन्छ । तोकिएको कार्य सम्बन्धित निकायले गरी एकद्वार प्रणाली अपनाई खर्च तथा काम दोहोरो नपर्ने व्यवस्था गराई कला संस्कृतिको जगेर्नाका साथ साथै सो सँग सम्बन्धित व्यापार, व्यवसाय, पर्यटन तथा पार्किङ लगायतका क्षेत्रबाट पालिका तथा पालिकावासीको आयमा समेत योगदान हुन सक्ने गरी योजनाबद्ध रुपमा कार्य गर्नु उपयुक्त हुने देखिन्छ । आगामि दिनमा सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

## ६४ उपभोक्ता समितिलाई बढी भुक्तानी

**६४. ग्रावेलः**

१ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा ठूलोधारा घाटेपानि कृषि सडक कार्यमा कार्यसम्पन्न अनुसार चाहिने लुज ग्रावेल ४७०घनमिटरमा उपभोक्ता समितिले जम्मा ३५०घनमिटर मात्र खरिद गरेको बिल भर्पाई पेश भएको हुँदा नपुग बिल भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,९९० |

**६४. फरक दरः**

२

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा सेतोपाटी पुरानो अरनिको राजमार्ग संरक्षण समितिले निम्नानुसारको कार्यमा स्वीकृत नम्स र जिल्ला दररेट अनुसारको दर प्रयोग नगरी सो भन्दा बढी दर प्रयोग गरी भुक्तानी दिएकोमा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| क स | काम | कार्य सम्पन्न परिणाम घनमिटर | स्वीकृत दर | भुकतानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | १:४ मेसिनरी वाल | ४७.५९ | ९०५७.०८ | ११९६५.९८ | १००४१० |
| २ | सिमेन्ट कंक्रिट कार्य१:३:६ | २.८८ | ९८७४.९४ | ११६३४.२३ | ५०६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,४७७ |

**६४. बनेपा न्यू क्लोनि नदी नियन्त्रण खण्ड क र ख उ सः**

३ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा कार्य सम्पन्न अनुसार चाहिने **1.5*1*1** ग्याविन १३६ रहेकोमा उपभोक्ता समितिले जम्मा ११७ वटा मात्र जालि खरिद गरेको देखिएकोले उक्त फरक संख्यामा खरिद भएको ग्याविन र सो मा प्रयोग हुने ढुङगा प्रयोग नभएकोले दुवै आइटममा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,३२० |

६५ उपभोक्ता समितिबाट असुल

६५. **खाल्चोक भञ्चाङ देखि चतुरे जाने बाटोः**

१ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गर्दा ढलान कार्यमा आवश्यक पर्ने पर्ने सिमेन्ट ३७० बोरा मा उपभोक्ता समितिले पेश गरेको बिल भरपाई मा ४५० बोरा रहेकोलेकार्यसम्पन्न परिणाम भन्दा बढी बोरा सिमेन्ट खरिदमा भुक्तानी भएको भ्याट रकम रु ६२४० र १०५ घनमिटर आवश्यक पर्ने ढुङगाको कार्यमा जम्मा ९१ घनमिटर मात्र खरिद गरेको बिल भरपाई पेश हुँदा कम खरिद भएको ढुङगामा बढी भुक्तानी भएको रकम रु४३४०० गरी जम्मा रकम रु ४९६४० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,६४० |

६५. **पुल माथि देखि ठकुरि गाँउ सम्म सडक पिच उ सः**

२ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गर्दा कार्यसम्पन्न अनुरुप आवश्यक पर्ने विटुमिन ८२८८.४६ के जि रहेकोमा उपभोक्ता समितिले जम्मा ७८०० केजि विटुमिन खरिद गरेको बिल भरपाई पेश गरेकोले बढी भुक्तानी भएको रकम रु ५२५९८ सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,५९८ |

६५. **पाण्डे गाँउ करुणा मार्ग सडकः**

३ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गर्दा ढलान कार्यमा प्रयोग हुने फर्मा को लागत अनुमानमा स्वीकृत दर रु ४८७.०७ रहेकोमा कार्य सम्पन्न पश्चात भुक्तानी दिदा रु ६२८.९६ को दरले भुक्तानी दिएको देखिएकोले जम्मा कार्य १४१.८९ रहेकोमा फरक दर रु १८२.७९ ले भुक्तानी भएको बढी रकम रु २५९३६ उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९३६ |

६५. **भिमसेन समता सहायता मार्गः**

४ सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाले भुक्तानी गर्दा ढल निर्माण कार्यमा कार्य सम्पन्न अनुसार २१५५ के जि रड आवश्यक पर्नेमा उपभोक्ता समितिले २१०० के जि मात्र रड खरिद गरेको बिल भरपाई पेश भएको हुँदा खरिद नै नभएको रडलाई समेत कार्यालयबाट भुक्तानि भएको देखिएकोले उक्त बढी भुक्तानि भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३०४ |

६६ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा वितरण नियमावली २०७७ मा प्रत्येक वर्ष भाद्र महिना भित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नविकरण गरी पालिका बाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गरी सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ । पालिकाले लाभग्राहिहरुको मुल अभिलेख वडा कार्यालयमा नविकरण गरेता पनि पालिकाबाट प्रमाणित गरेको देखिएन, पालिकाले आर्थिक वर्ष २०७९।८० मा वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र स | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु |
|---|---|---|---|---|
| १ | ६७६९० | ४९५६ | १४ | १९३१०५५५५ |

६७ **आन्तरिक आय तर्फ**

६७. **कर संकलन**

१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | ३३२४२७००० | २६३५४९३१५.०१ | ७२.२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ७९.२प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ६७. आन्तरिक आय र खर्च को विश्लेषण

२ पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | ९१९१०८३९ | १००२१२४७३५ | ९.१८ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु १००२१२४७३५ रहेको छ भने राजश्व संकलन रु ९१९१०८३९ गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ९.१८ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

## ६७. करको दायरा

३ आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहाय अनुसार रहेको छ ।

| **करको नाम** | **जम्मा करदाता** | **कर तिर्ने करदाता** | **कर तिर्ने करदाताको प्रतिशत** | **करको दायरामा नआएका करदाता** | **कर नतिर्ने करदाताको प्रतिशत** |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | १०६४९ | ८७२३ | ८१.९१ | एकिन नभएको | १८.०९ |
| व्यवसाय कर | १८०७ | १२४२ | ६८.७३ | एकिन नभएको | ३१.२७ |

सम्पत्तिकर तर्फ १८.०९ प्रतिशत, व्यवसायकर तर्फ ३१.२७ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

## ६७. स्वीकृती बेगरको सफ्टवेयर सञ्चालन

४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर आन्तरिक आय संकलनका लागि साङ्ग्रीला सफ्टवेयर को एकिकृत कर संकलन प्रणाली नामको सफ्टवेयर प्रयोग गरी यस वर्ष रु. ६६४६०३२५ .७६ राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जाखिम बारे समेत आश्वसत्त हुन सक्ने अवस्था देखिएन । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

६८ **ननफाइलर**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८(१)मा करदाताले प्रत्येक महिना आफुले वुझाउनु पर्ने रकम स्वयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।लेखापरिक्षणका क्रममा केहि फाइल नमुना परिक्षण गरी हेर्दा कार्यालयले विभिन्न निर्माण व्यवसायीद्धारा वा उपभोक्ता समितिद्धारा कार्य गराउँदा निर्माण व्यवसायीलाई भुक्तानी गरेको मु.अ. कर लेखापरीक्षण अवधि सम्म कर कार्यालयमा कर विवरण पेश नगरी ननफाईलर रहेको देखियो ।

| गो.भौ.न. र मिति | फर्मको नाम | कार्य | प्यान नम्वर(विजक नं.) | मू.अ. वापत भुक्तानी रकम | नन फाईलर मिति |
|---|---|---|---|---|---|
| १२९।०७९।६।१३ | नेवानी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | शहिद मार्ग ढल तथा वाटो मर्मत उ स को कार्य | ६०९८७७५०६ | ५८५०।०० | ०७९/M/९ |
| ९५।०७९।६।९ | प्रतिक्षा निर्माण एण्ड सप्लायर्स | ओपिद्रयवास मोटरबाटो नि उ स कोवाटो निर्माण | ६०९७३५७१४( विजक ५३।५५) | ५८४५१।०० | ०७९/M/३ |
| ९३।०७९।६।९ | दिगो सप्लायर्स | रातमाटे सामुदायिक भवन वाल निर्माण उसको कार्य | ६०३१४१०५०(विजक नं. ५१,५५,५६) | ८८५८ | ०७८/M/१० |
| ९३।०७९।६।९ | ओम सत्य साई स्टोन क्रसर उद्योग प्रा.लि | रातमाटे सामुदायिक भवन वाल निर्माण उसको कार्य | ३०२८६४६८१(विजक नं. ४१४९,३९०२) | २४७३ | ०७८/M/७ |
| ८१।०७९।६।५ | विर वि. एण्ड सन्स बालुवा तथा रोडा उद्योग प्रा.लि | कालिका मार्ग वुडाथोकि गाउँ सडकको कार्य | ३०५०३७१२३(विजक नं.६९८२,६६३३ लगायत १७ थान) | ९३०७ | ०७९/M/४ |

६९

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | तत्कालिन स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २६९ (ग) मा स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक बर्षभन्दा बढी अवधी सम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखि सोही पदमा स्थायी नियुक्ति पाएको भए बढुवा प्रयोजन लागि साविकमा निजले गरेको सेवा अधिकृतस्तरमा भए छैसठ्ठी प्रतिशत र सहायकस्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था रहेको छ साथै नियम २६८ मा कर्मचारीले पाउने सक्ने उपदान को दर पनि तोकिदिएको छ र साथै बाग्मति प्रदेशबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७९ को दफा ८४ (१) मा नोकरी अवधी गणना गर्दा कर्मचारीले स्थायी नियुक्ति भई निरन्तर नोकरी गरेको अवधिलाई गणना गर्न सकिने कुरा र ८४ (३) मा सेवा अवधि गणना गर्ने सम्बन्धमा स्थानिय तहले आवश्यक निर्णय गर्न सक्ने कुरा उल्लेख गरेको छ । बनेपा नगरपालिकाको नगरसभाबाट मिति २०७७।११।५ मा स्वीकृत भई मिति २०७८।१०।२७ मा प्रमाणिकरण गरेको राजपत्रमा स्थानिय तहमा सुरुमा ज्यालादरी तथा अस्थायि सेवा मा नियुक्त भएका कर्मचारीहरुको सोही समयदेखिको समयावधि समेत जोडी तत्कालिन संघिय कानुन र हालको प्रदेश कानुन विपरित सेवाअवधी गणना गरी निम्नानुसारका कर्मचारीलाई उपदान भुक्तानी गर्दा यसरी संघ र प्रदेश कानुन संग बाझिने गरी कानुन निर्माण गरी सोही अनुरुप ज्यालादारी करार र अस्थायी रुपमा काम गरेको समयावधि समेत गणना गरी भुक्तान भएको उपदान रकम दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने | ६८४७६८ |
| २ | अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ मा एउटै कार्यक्रममा एकै व्यक्तिलाई दोहोरो पर्ने गरी भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेको छ । रोजगार सेवाकेन्द्रको सञ्चालन बैठक मिति २०७९।११।९ गते सञ्तालन भएको मा शान्ता कुँवरको पेफ मा शान्ता कुँवरलाई दोहोरो बैठक भत्ता भुक्तानी भएको हुँदा दोहोरो भत्ता असुल हुनुपर्ने रु | ८५० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

*आर्थिक बर्ष: २०७९/८०*

*कार्यालय र स्थान*: *बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक , बनेपा नगरपालीका , काभ्रेपलाञ्चोक*

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव प्रसाद हुमेगाई | २०७९-५-२९ | २०८०-४-२२ |
| कार्यालय प्रमुख | भोला प्रसाद चापागाई | २०८०-५-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्रकाश आचार्य | २०७८-१२-२५ | २०७९-५-२९ |
| लेखा प्रमुख | निर्मल मुस्याजु | २०७१-१२-४ | २०७९-१२-२० |
| लेखा प्रमुख | बिनोद हुमागाई | २०७९-१२-२१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण:**

| **असूल गर्नुपर्ने** | **अनियमित भएको** | **प्रमाणका कागजात पेश नभएको** | **जिम्मेवारी नसारेको** | **सोधभर्ना नलिएको** | **जम्मा पेश्की** |
|---|---|---|---|---|---|
| १,६९९,८२३ | १२१,८५० | १३,७९७,६९५ | ० | ० | ४७,०९०,२२०.६७ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ६२,७०९,५८८.६७ |
| प्रारम्भिक प्रतिवेदन उपर फर्छ्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | ३८,६७०,५५५.६७ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ६८५,६१८ |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | २४,७२४,६५१ |

*स्थानीय तह :*

| **गत बर्षको जिम्मेवारी** | | ५५३१४६८६४.८२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०२६५६५७४.५८ | **चालु खर्च** | ५८९९०४५३८.०६ |
| **प्रदेश सरकारबाट अनुदान** | ३९३२१३४४.०१ | **पूँजीगत खर्च** | ३९९७२०१९६.४६ |
| **राजश्व बाँडफाँट** | २४२४५८०१५.५६ | **वित्तीय/अन्य व्यवस्था** | २७१२१०५०६.४ |
| **आन्तरिक आय** | ८५४९७२८४.५७ | | |
| **अन्य आय** | २९३०२४१६९.५७ | | |
| **कुल आय** | ११६२९५७३८८.२९ | **कुल खर्च** | १२६०८३५२४०.९२ |
| **बाँकी मौज्दात** | | ४५५२६९०१२.१९ | |